# रातो खबर
Ratokhabar weekly
साप्ताहिक

रातो खबर अब www.eratokhabar.com मा पनि पढ्न सकिन्छ ।


**वैज्ञानिक समाजवाद मानव समाजको आजसम्मको सर्वोत्तम सामाजिक व्यवस्था हो**



सन्देश पौडेल, केन्द्रीय सदस्य, नेकपा

अन्तर्वार्ता पृष्ठ ३


वर्ष ३, अङ्क ७, पूर्णाङ्क १०२ | २०७४ साउन ४ गते बुधबार | Wednesday, 19 July 2017 | www.eratokhabar.com | मूल्य रु. १०


## निराश प्रचण्ड र बाबुराम





■ रातो खबर संवाददाता/काठमाडौँ

पहिलो र दोस्रो चरणको स्थानीय तहको निर्वाचनमा जनताको ठूलो पङ्क्ति चुनाव खारेजी अभियानमा सहभागी भएको छ। नेपालमा गैरसंसदीय क्रान्तिकारी धारा स्थापित भएको छ। अर्कोतिर चुनावमा सहभागी जनमत नै पनि दलाल र अनैतिक गठबन्धनका विरुद्ध प्रकट भएको छ। तसर्थ क्रान्तिकारी र देशभक्त धारालाई बितेका ३ महिनाले स्थापित गरेका छन् । प्रचण्ड र बाबुराम भट्टराई गुटको पराजय र त्यसबाट उत्पन्न निराशालाई सबैको साझा निराशा भन्न थालेका छन् । 'जोगीसँग आशीर्वाद माग्यो भने कमण्डलु दिएर पठाउँछ रे' थकित-गलित, निराश र आत्मपीडामा रुमल्लिएका दलालहरूले नेपाल कम्युनिस्ट पार्टीलाई निराश देख्ने नै भए नेकपाले भनेको छ।

'प्रतिक्रियावादी वर्ग र उसका सञ्चारगृहका मालिकलाई खुसी पारेर, झूटो सूचना बेचेर खाने अनैतिक प्रवृत्तिले हामीलाई निराश देखेको होला तर हामी अत्यन्त उत्साहित छौँ र क्रान्तिको बाटोमा दृढ छौँ', नेकपाका महासचिव विप्लवले ई-रातो खबरसँग सङ्क्षिप्त कुरा गर्दै भन्नुभएको छ । आफ्नो पङ्क्तिमा आएको तीव्र विघटन रोक्न नेकपा (एमाले) सँग पार्टी एकताको प्रयास असफल भएपछि काङ्ग्रेसको पाउ मोल्न पुगेको दाहाल गुटले यसैबेला पार्टी एकताको भ्रम प्रचार गरेको पनि नेकपाको आरोप छ।

# राज्यको ढुकुटीमा ब्रम्हलुट

■ रातो खबर संवाददाता/काठमाडौँ

सरकारी निकाय, नेतृत्व, संवैधानिक आयोगहरू र वरिष्ठ अधिकारी तथा नेताहरू नै राज्यको ढुकुटी रित्याउन लालायित भएका दृश्यहरू लगातार बाहिर आइरहेका छन् । कम्युनिस्ट पृष्ठभूमि भएकी राष्ट्रपति विद्यादेवी भण्डारीले विलासी सवारी खरिदका लागि १६ करोड रकम माग गरेको समाचार सार्वजनिक हुनासाथ सामाजिक सञ्जालमार्फत व्यापक आक्रोश मुखरित भएको थियो । समाचार सार्वजनिक हुनासाथ खण्डन नगरी बसेको राष्ट्रपति कार्यालय र सरकारले जनआक्रोश चुलिँदै गएपछि ढिलो गरी रुन्चे स्वरमा खण्डन गरेको थियो । विलासी दिनचर्याको लालच राष्ट्रपति महोदयमा मात्र सीमित रहेन । भारत सरकारले निर्वाचन सहयोगका लागि सहयोगस्वरूप प्रदान गरेका ३७ वटा सवारीसाधन प्रयोजनमा नल्याइरहेको अवस्थामा आवश्यकताअनुसार तिनै सवारीसाधन प्रयोग गर्नुको सट्टा १६ करोडभन्दा बढी पर्ने ५ वटा सवारीसाधनका लागि झन्डै एक अर्ब ढुकुटी रित्याइँदैछ। सरकारलाई धाँधली गर्न निर्वाचन आयोगले सहयोग गर्ने र निर्वाचन आयोगलाई राज्य ढुकुटी लुट्न प्रक्रियागत सहयोग गर्ने खेल लज्जास्पद छ । यो घटना हेर्दा चितवनमा निर्वाचन धाँधली गर्न निर्वाचन आयोगले सरकारी गठबन्धनलाई सहयोग गरेको र त्यसको गुन तिर्न विलासी सवारीसाधन खरिद गर्न आयोगलाई सरकारले सहयोग गरेको सहजै बुझ्न सकिन्छ।



यसरी राज्यका विभिन्न निकायहरू नै नीतिगत भ्रष्टाचारमा डुबेको बुझ्न सकिन्छ । कालीगण्डकी आयोजनामा भएको नीतिगत भ्रष्टाचारपछि यसप्रकारका ब्रम्हलुट झन्झन् बढ्दै गएका छन् ।

कर तथा राजस्वसँग सम्बन्धित सरकारी निकायको त कथा नै उदेकलाग्दो छ। अख्तियारी प्राप्त अधिकारीलाई बाटो बिराउनबाट रोक्ने उपादेयताका लागि गठित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विगतमा समानान्तर सरकार चलाउन खोजेको र विदेशीको पक्षमा लबिङ गरेको जस्ता अत्यन्त भयावह राष्ट्रघाती कदम चालेका अवस्थामा यी घटनाहरू अगाडि आएका हुन् ।

राजस्व विभागका प्रमुख चूडामणि ... बाँकी पृष्ठ ७ मा

## एनएसीले अदालतको आदेश टेरेन



■ आस्था शाही रुचाल/पोखरा

नेपाल वायु सेवा निगमको स्वामित्वमा रहेको कास्की पोखरा पृथ्वीचोकस्थित ४ रोपनी जग्गामा रहेको सस्तो बजारमा तालाबन्दी गर्ने निर्णयलाई पुनरावेदन अदालतको असार २३ गतेको आदेशले बदर वा रोक्का गरेको छ । अदालतले वादी र प्रतिवादीलाई साउन १ गते आआफ्ना प्रमाणसहित हाजिर हुन अन्तरिम आदेश जारी गरेको थियो । अदालतको आदेश भएको १ ... बाँकी पृष्ठ ७ मा

## ई-रातो खबरले अन्तरक्रिया गर्ने

विद्युतीय सञ्चार ई-रातो खबर अनलाइनले आफ्नो दुईमहिने परीक्षण प्रसारणपछि साउन ५ गते अन्तरक्रिया गर्ने भएको छ । आफ्ना पाठक, लेखक, समाचारदाता, विज्ञापनदाता र शुभेच्छुकका धारणा र सुझाव लने उद्देश्यले उक्त अन्तरक्रिया गर्न लागेको जानकारी प्रबन्धसम्पादक भीम चापागाईंले दिएका छन् । पहिलो चरणको स्थानीय तहको निर्वाचनको पूर्वसन्ध्यामा सुरु भएको ई-रातो खबरमा प्रकाशित समाचार र विचारबाट आतङ्कित भएर प्रहरीले बारम्बार थुनछेक र आक्रमण गरिरहेको सन्दर्भमा उक्त कार्यक्रम सुरु गर्न लागेको थाहा भएको छ ।

नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन' प्रमुख




अतिथि रहने उक्त कार्यक्रम बागबजारमा हुने बताइएको छ। प्राप्त सुझावपछि ई-रातो खबरलाई थप समृद्ध बनाइने निर्देशक अनिल शर्माले बताउनुभएको छ ।

## संस्थापक नेता पुष्पलालको स्मृतिमा



हेमन्तप्रकाश ओली 'सुदर्शन'

"सजीवता विनाको पार्टी संगठन त केवल अस्थिपञ्जर मात्र हो।"-पुष्पलाल श्रेष्ठ।

मानिस मरेर गएपनि त्यस्ता मानिसहरूको स्मरण र चर्चा भइरहन्छ जसले मानिसद्वारा मानिसको शोषणको अन्त गर्न आफ्नो जीवन धरौटी राखेका हुन्छन् । पुष्पलाल श्रेष्ठ त्यस्तै व्यक्ति हुनुहुन्थ्यो जसले शोषित-उत्पीडित जनताको मुक्तिका लागि आफ्ना व्यक्तिगत स्वार्थहरूलाई त्यागेर लड्दै जादा अल्पायुमै मृत्युवरण गर्नुभएको थियो। वि.स.१५ असार १९८१ मा जन्मनु भएका उहाँको ५४ वर्षकै उमेरमा ७ श्रावण २०३५ मा मृत्यु भएको थियो। उहाँ साँच्चै नाम अनुसार नै फूलहरूमा रातो फूल्ने हुनुहुन्थ्यो र जनमुक्तिका लागि अमर हुनुभएको हो। उहाँको मृत्यु भएको पनि अहिले ३९ वर्ष भइसकेको छ। श्रावण ७ गते पुष्पलालको जयन्ती हो। हाम्रो तर्फबाट ३९ औं जन्म जयन्तीको अवसरमा हार्दिक श्रद्धासुमन सहित उहाँको नेपालमा नयाँ जनवादी क्रान्ति हुदै बैज्ञानिक समाजवाद स्थापना गरी विश्व साम्यवादको महान् सपनाको शिखरमा पुगी छोड्ने बैज्ञानिक अठोटमा अघि बढ्ने प्रतिज्ञा गरौ । यही नै उहाँप्रतिको सच्चा श्रद्धाञ्जली हुनेछ।

कमरेड पुष्पलालको जन्मजयन्तीका अवसरमा उहाँलाई स्मरण



गर्नुको अर्थ उहाँका योगदानहरू स्मरण गर्नु र अधुरो कार्यभार पूरा गर्न कम्मर कस्नु हो । उहाँलाई हामी यसकारण गम्भीररुपले स्मरण गर्दछौ कि उहाँले नै नेपालमा आफ्ना ... बाँकी पृष्ठ ७ मा

## चुनाव खारेजीपछि गरिएका गलत प्रचारबारे

देश/परिवेश

■ विप्लव



हामी पार्टीको समीक्षामा जुटिरहेको मौका छोपेर केही आँतमरेका अवसरवादीहरू, केही पैसा कमाउनका लागि समाचार बेच्ने सूचना बेचुवाहरू, केही प्रतिक्रियावादीहरूका चाटुकारहरू र केही आउँदो क्रान्तिबाट त्रसित दलालहरूले चुनाव खारेजबारे काल्पनिक, भ्रामक र हानिकारक सूचना छाप्ने र प्रचार गर्ने गरेको पाइयो। उनीहरूले खारेजीको समयमा चुनावका पक्षमा वकालत गरे, कारबाहीहरूलाई आतङ्कसँग जोड्न खोजे, चुनावपछि खारेज प्रभावकारी नभएको कुरा गरे। यतिबेला खारेजपछि निराशा आएको जस्ता प्रचार छप्न थालेको पइयो। यी सबै प्रचार क्रान्ति र क्रान्तिकारी धाराका बारेमा जनतामा भ्रम फैलाउने र प्रतिक्रियावादी सत्तालाई सेवा गर्ने घातक आसयसँग सम्बन्धित छन्। क्रान्तिकारीहरू यसखालको प्रचारबाट सतर्क हुँदै यस्ता प्रचारलाई धुजाधुजा पार्न तयार हुनुपर्छ।

यो सत्य कसैबाट छिपेको छैन, हाम्रो पार्टी चुनाव खारेज अभियानमा सचेततापूर्वक हामफालेको थियो । यसको मुख्य उद्देश्य योजनाबद्ध रूपले प्रतिक्रान्ति र प्रतिक्रियावादी संसदीय व्यवस्थालाई सम्पूर्ण रूपले अस्वीकार गर्नु, त्यसको पुनर्स्थापनालाई खारेज गर्नु र नेपाली जनताको सुन्दर भविष्य वैज्ञानिक समाजवादी सत्ताबाट मात्र सम्भव छ भन्ने विचार र धार अगाडि बढाउनु थियो। यो हाम्रो निर्णय साम्राज्यवादी, पुँजीवादी दलालहरूका अनेकौँ दबाबमा परेर केही दिन छाला जोगाउन वा केही भौतिक सुखसुविधा भोग गर्न क्रान्ति बेचेर खाने दलालहरूको जस्तो नियन्त्रित नभएर सर्वहारावर्गीय र कम्युनिस्ट विचार र आदर्शहरूको झन्डा फहराउन आफ्नो आत्मनिर्णयको अधिकार प्रयोग गर्दै गरिएको निर्णय थियो। यो खारेज अभियानको महत्व ... बाँकी पृष्ठ ७ मा

## सम्पादकीय

### हुरीअघिको सन्नाटा

खराब शासनव्यवस्था र त्यसका सञ्चालकका कारण देश सङ्कटमा छ। जनताको जीवन सङ्कटमा छ। परिणामतः राष्ट्रघात, जनघातले मुलुक आहत छ। जनतमारा शासकहरू देश र जनतालाई बेहाल बनाएर आनन्दित भइरहेका छन् । भ्रष्टाचारको लहरो हेर्दा लाग्छ, शासकहरूको जिउने मुख्य आधार नै त्यही हो । लाग्छ, देश र जनता बेहाल हुनु उनीहरूको दिन फिर्नु हो । उनीहरूले आफ्नो भविष्य सुनिश्चित हुने गरी चुनावको नौटङ्की गर्दै जनताको रगतपसिनाको अर्बौं रुपैयाँको खोलो बगाए। पैसै खाए, पैसै लगाए र त्यसमै सुते । उता जनता ती बीभत्स दृश्य देखेर झन् आहत भए। जनताका नाममा ऋण थपियो। विदेशीहरू, विशेषगरी भारतीय साम्राज्यवाद र अमेरिकी उत्तरसाम्राज्यवादले यो व्यवस्था र यसका रक्षकहरूका लागि राम्रो लगानी गरे र त्यसको प्रतिफलका लागि आफ्ना अनुचरहरूलाई घोडालाईझैँ चाबुक मारिरहेका छन् । जनताले यी दृश्यहरू टुलुटुलु केरेर बसिरहने अवस्था छैन र हुँदैन पनि ।

संसद्वादी, प्रतिक्रियावादी शक्तिहरू कथित स्थानीय तहको निर्वाचन गराएर आफ्नो शासनसत्ताले जरो गाडेको ठान्दै आनन्दले सुस्ताएका देखिन्छन् तर जनता यो व्यवस्थाका पक्षमा छैनन् । जुन व्यवस्थाले गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारीको ग्यारेन्टी गर्दैन, जुन व्यवस्थाले मानिसका बीच धनसम्पत्ति, सत्ता, लिङ्ग, पहुँच र वर्गका आधारमा जनतालाई नै विभेद र पक्षपात गर्छ त्यो समाजका जनता चैनको सास फेर्न पाउँदैनन् । दलाल संसदीय व्यवस्थाले जनताको घाँटीमाथि तरबार तेर्स्याएको छ। डाँका र व्यभिचारीमध्ये एउटा रोज्नैपर्ने चुनावी नाटक मञ्चन गरेर चैनको सास फेरिरहेका संसद्वादीहरू जनक्रान्तिको भुङ्ग्रोमाथि सुत्ने चेष्टा गरिरहेका छन् । भोक, रोग र अभावले छट्पटिएका जनताको क्रोधको आगोको भुङ्ग्रोमाथि छन् यो व्यवस्था र यसका शासकहरू । लाग्छ, बाहिर सन्नाटा छ र भित्रभित्र आँधीहुरीको तयारी भइरहेको छ। गर्भमा उत्तालतरङ्ग र ज्वारभाटा बोकेको समुद्रको सतहमा केही नभएजस्तो देखिएको अवस्था छ यतिबेला । एकातिर जनता र क्रान्तिकारीहरू यो व्यवस्थाको सम्पूर्ण खारेजीको अभियानमा लम्किरहेका छन्, अर्कातिर संसद्वादीहरू यो थाहा पाएर पनि नपाएझैँ अभिनय गरिरहेका छन् । दुईवटा तयारी देखिएका छन् : एकातिर हिजोकै प्रतिक्रियावादी व्यवस्थालाई सिँगारपटार पारेर बुख्याँचा खडा गरिएको छ भने अर्कोतिर बुख्याँचा व्यवस्था र यसको तामझामको भण्डाफोर गरी वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्ने एकीकृत जनक्रान्तिको योजना गम्भीरतापूर्वक कार्यान्वयनमा आइरहेको अवस्था छ । चुनाव खारेज अभियानलाई ख्यालख्याल ठान्नेहरूलाई महासचिव विप्लवले भन्नुभएको छ, चुनाव खारेजको मुख्य उद्देश्य योजनाबद्ध रूपले प्रतिक्रान्ति र प्रतिक्रियावादी संसदीय व्यवस्थालाई सम्पूर्ण रूपले अस्वीकार गर्नु, त्यसको पुनर्स्थापनालाई खारेज गर्नु र नेपाली जनताको सुन्दर भविष्य वैज्ञानिक समाजवादी सत्ताबाट मात्र सम्भव छ भन्ने विचार र धार अगाडि बढाउनु हो । यो हाम्रो निर्णय साम्राज्यवादी, पुँजीवादी दलालहरूका अनेकौँ दबाबमा परेर केही दिन छाला जोगाउन वा केही भौतिक सुखसुविधा भोग गर्न क्रान्ति बेचेर खाने दलालहरूको जस्तो नियन्त्रित नभएर सर्वहारावर्गीय र कम्युनिस्ट विचार र आदर्शहरूको झन्डा फहराउन आफ्नो आत्मनिर्णयको अधिकार प्रयोग गर्दै गरिएको निर्णय थियो । यो खारेज अभियानको महत्व तत्काल मात्र होइन दीर्घकालसम्म नेपाली क्रान्तिकारी आन्दोलनमा रहने स्पष्ट छ ।

वास्तवमै नेकपाले अघि बढाएको चुनाव खारेज अभियान यो व्यवस्थाको भरपर्दो र वैज्ञानिक विकल्प खोज्ने विषय हो। देश र जनताका विरोधीहरू जहिले पनि यस्थास्थिति र प्रतिक्रान्तिकारी अवस्था र व्यवस्थामा रमाउँछन्, नालीको कीरा नालीमै रमाएझैँ । उनीहरूका लागि सडेगलेको व्यवस्था नै अपरिहार्य, अकाट्य र निष्कङ्टक बन्छ । राणाशासकहरू, राजतन्त्रात्मक व्यवस्थाका रक्षकहरू, पञ्च शासकहरू, कथित बहुदलीय व्यवस्थाका पक्षपातीहरू, शाहीमार्गीहरू सबैले आआफ्नो व्यवस्थालाई निष्कङ्टक बनाउने घोषणा गर्दागर्दै समाप्त भएका थिए । यो व्यवस्था र यसका रक्षकहरू पनि राष्ट्र, राष्ट्रियताविरोधी र जनविरोधी खोटो सत्ता, व्यवस्था र संविधानलाई अब्बल भनेर गोयबल्स शैलीमा बर्बराइरहेका छन् । यो व्यवस्थाको आयु सर्पले निल्दै गरेको भ्यागुताको जत्ति नै हो । यो व्यवस्थाका विरुद्ध विकल्पसहित लडिरहेको पार्टीले अघि सारेका आन्दोलनका सामान्य कार्यक्रमसमेत पचाउन नसकेर हतास हुने, गिरफ्तार गर्ने, प्रकाशनको कार्यालय नै छापामारेर सञ्चारकर्मीलाई नियन्त्रणमा लिने डरपोक शासकहरूले सञ्चालन गरेको व्यवस्था र सत्ताको आयु एकीकृत जनक्रान्तिको सक्रियतामा भर पर्नेछ । के कुराचाहिँ अकाट्य सत्य हो भने यतिबेला मुलुकमा अन्याय, अत्याचार, व्यभिचार र सत्ताको ब्रह्मलूटका विरुद्ध हावा, हुरी र आँधी चलिरहेको छ। त्यो यतिबेला गर्भमा छ। सतहमा भने सन्नाटा देखिएको छ। कुनै पनि समयमा गर्भको आँधी सतहमा अवतरण हुनेछ र त्यसले यी असमानता र व्यभिचारका ढिस्काढिस्कीलाई एउटा कुनामा थुपारेर त्यसको चिहानमाथि नयाँ राज्यव्यवस्था निर्माण गर्नेछ ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक

# संसदीय राजनीतिक खिचातानी



भीम चापागाईं

*अहिले राजनीतिक वृत्तमा एक जोडी गठबन्धनले चर्चा पाउने गरेको छ । चुनावी तालमेल बुथबुथमा जालझेल गर्ने गरी सहमति गरेको देउवा-प्रचण्डको अस्वाभाविक गठबन्धनले न राष्ट्रियताको प्रश्नमा नयाँ काम गर्छ न त जनताले राहत नै पाउँछन् ।*

विचार सार्वभौम भएपछि वादमा परिवर्तन हुन्छ । राजनीति आन्दोलन, क्रान्ति र सङ्घर्षहरूबाट नै जनताको लक्ष्य उद्देश्य प्राप्त गर्न सकिन्छ। विश्वमा राजनीतिक उद्देश्य प्राप्त गर्न ठूलाठूला सङ्घर्षहरू, विद्रोह वा सङ्घर्ष भए भने केही असङ्गठित सङ्घर्षहरू भए । सङ्घर्षको मूल उद्देश्य गरिबी, भोकमरी, शासक वर्गको लूटतन्त्रविरुद्धको राजनीतिक आन्दोलन थियो । सामाजिक सद्भाव कायम गर्न समृद्धि र विकासका पूर्वाधारहरू खडा गर्न पुराना शासकहरूले लादेको शासनप्रणालीलाई ध्वस्त र नयाँ व्यवस्था निर्माण गर्न सङ्घर्षहरू भए। १६ औँ शताब्दीदेखि पुँजीवादी क्रान्ति सुरु भएको पाइन्छ । सामन्तवादको अन्त्य गर्न पुँजीवादी क्रान्तिले पुँजीवादी क्रान्तिले भूमिका निर्वाह गर्‍यो तर पुँजीवादी व्यवस्था र त्यसको प्रयोग विभिन्न समय शासक वर्गले आफ्नो अनुकूलतामा व्याख्याहरू गरे । पुँजीवादले संसद्वादको उदय गरायो । मूलतः पुँजीवाद नै संसद्वाद हो । पुँजीवादले अतिकेन्द्रित अर्थप्रणाली सीमित घेराभित्र स्रोतसाधनको उपयोग मुठी भएको हातमा पुँजी केन्द्रित गर्ने काम भयो। त्यसले गर्दा विश्वभरि जनताको जीवनमा ठूलो सङ्कट निम्त्याएको छ । विश्वका केही मान्छेको हातमा खर्बौं सम्पत्ति छ भने अधिकांश जनता भोकमरी र गरिबीको भुमरीमा परेका छन् । विकसित राष्ट्रहरूमा सत्ता प्राप्त गर्न पुँजीवादले पुँजीवादका विरुद्ध आन्दोलनहरू गर्ने, नरसंहार मच्चाउने गैरन्यायिक ढङ्गका सङ्घर्षहरू गर्दै आइरहेका छन् । संसद्वाद विश्वसाम्राज्यवादको गोटी बनिरहेको छ । भन्नलाई संसदीय व्यवस्था प्रजातान्त्रिक व्यवस्था हो भने पनि यसले असमानता, स्थिरता र अराजकताले मुलुकलाई नै अन्योल र अनिर्णयको बन्दी बनाइरहेको छ । त्यसैले संसद्वादले जनताको अहित त गरेकै छ। यो व्यवस्थाले सीमित मान्छेको जीवनलाई त राम्रै गरेको होला तर बहुसङ्ख्यक जनताको जीवनलाई बर्बादीतिर धकेलिरहेको छ।

विश्वभरिका न्यायप्रेमी जनताहरू संसदीय व्यवस्थाका विरुद्ध राजनीतिक सङ्घर्षहरू गरिरहेका छन्। संसदीय व्यवस्थाले आममा पारेको नकारात्मक असर भनेको बेरोजगारी निम्त्याउनेदेखि जनजीविका र बाँच्न पाउने अधिकारसम्म खोसेको छ। संसद्वादलाई प्रश्रय दिने राजनीतिक दलहरूले सुशासनको ठाउँ कुशासन, जनविरोधी हर्कत, भ्रष्टाचार, कमिसनखोर र राज्यकोषको चरम दुरूपयोग गरिरहेको छ । संसदीय व्यवस्थामा जनउत्तरदायी सरकार हुँदैन। यो शासनमा जनताको वास्तविक जीवनलाई सम्बोधन गर्दैन। प्राकृतिक स्रोतसाधन दलालहरूलाई सुम्पिएको हुन्छ, असमान सन्धिसम्झौता गर्ने राष्ट्रघाती कदम संसद्वादको पर्याय बन्ने गर्छ। लुटखसोटमा नेताहरू रमाउने भ्रष्टाचारमा चुर्लुम्म डुब्ने अवैज्ञानिक व्यवस्था नै संसदीय व्यवस्था हो। समाजमा गलत संस्कृति समाजको विखण्डनकारी सोच, चिन्तन, प्रवृत्ति हुर्काउने व्यवस्था नै संसदीय व्यवस्था हो । समाजमा गलत संस्कृति समाजको विखण्डनकारी सोचाइ चिन्तन प्रवृत्ति हुर्काउने व्यवस्था नै संसदीय व्यवस्था हो । आदर्श मूल्यमान्यताविरुद्ध संसद्वादीहरू अगाडि बढिरहेका छन् । राजनीतिको मुखुण्डोभित्र राष्ट्रिय स्वाधीनतालाई दाउमा राख्दै आफ्नो स्वार्थपूर्ति गर्ने अखडाका रूपमा संसद्वादलाई लिन सकिन्छ। केही झुन्डहरूको भन्दा नमुना नै संसदीय व्यवस्थाको रूप हो । यो व्यवस्थामा धेरैजसो झूटको खेती गरिन्छ । सबैले जनताकै गुनगान गाइरहेका छन् तर वास्तविकता भने भिन्न हुन्छ । यो व्यवस्थाभित्र गलतका विरुद्ध लड्नसक्ने शक्ति हुन्न। मालिकहरू विदेशी प्रभुको इशारामा नाचिरहेका हुन्छन्। कुनै साङ्गीतिक धुनको परबाह गर्दैनन्। विभिन्न धुनमा नाच्ने गर्छन्। न्यायका लागि जनताले अनुनय गर्नुपर्ने र असमान कानुनबाट पिल्सिनुपर्ने बाध्यता हुन्छ। कानुन, न्याय, स्वतन्त्रता मुठीभरका मान्छेका पहुँचका आधारमा प्राप्त हुन्छ। संसद्वादमा भूमिहीन किसान सुकुमबासी हरूवाचरुवालाई न्याय मिल्दैन तर कृषि उत्पादकत्व हातमा भएका ठूलाठूला उर्वर भूमिहरू दलाल पुँजीवादीहरूको क्रीडास्थल बन्न पुगेको छ । परनिर्भर अर्थतन्त्र प्रणाली भँडुवा विकास, दलाल तत्वको जगजगी संसदीय व्यवस्थामा हाबी हुन्छन् । त्यसकारण समग्र मानवजातिको घातक नै संसदीय व्यवस्था हो। संसद्वादको विकृति ढाकछोप गर्न पुँजीवादले जलप लगाएको हुन्छ। अहिले राष्ट्रिय पुँजीलाई ध्वस्त गर्न दलाल पुँजीलाई अगाडि सारेको छ भने दलाल पुँजीलाई नामेट गर्न कर्पोरेट पुँजी राजनीतिमा हाबी भएको देखिन्छ । यी भए संसद्वादका विशेषता।

नेपालमा संसद्वादीहरूले देखाएका उदेकलाग्दा उद्दण्डताहरू यसप्रकार छन् :

कुनैबेला सर्वहारा वर्गको अधिनायकत्व लागू गर्न, शोषितपीडित जनताको राजनीतिक सत्ता प्राप्त गर्न क्रान्तिको उद्घोष गर्दै महान् जनयुद्धबाट आफ्नो उद्देश्य प्राप्त गर्न मार्क्सवाद, लेनिनवाद, माओवादलाई पथप्रदर्शक सिद्धान्तका रूपमा अङ्गीकार गर्दै दीर्घकालीन जनयुद्ध लड्ने शक्ति यथास्थितिवादलाई आत्मसात गर्ने परिवर्तनकामी जनताको रगतको होली खेल्ने नेपाली काङ्ग्रेसको सत्ता गठबन्धनले मानिसहरू आश्चर्यचकित मात्र हैन विपरीत ध्रुवमा रहेका कुकुर-बिरालोको मिलिभगतले अनिष्टको सङ्केत गरेको कुरा चल्न थालेको छ। नेपालमा संसद्वादी दलाल शासकहरूले यसपालि निकै तामझामसहित स्थानीय चुनाव किस्ताबन्दीमा गरे । विकासका पूर्वाधारहरू स्थानीय तहमा पुर्‍याउने, विशेषतः सिंहदरबारको अधिकार गाउँगाउँमा पुर्‍याउने चुनावी नारासहित चुनावमा भाग पनि लिए। अर्बौंको राज्यकोष दुरुपयोग गरे। सबै संसद्वादीहरूले सार्वजनिक कार्यक्रमहरूमा चुनाव ऐतिहासिक भएको, यो जित र हारको चुनाव नभई सिङ्गो देशले जितेको भन्न भ्याए । जसजसले जे भने पनि यथार्थ भने फरक छ । जनता २० वर्षपछिको चुनावमा भोट हाल्न तम्सिए। वडा, महानगर, गाउँपालिकाहरूमा जननिर्वाचित प्रतिनिधिहरू आउनेछन् । विकास हुनेछ । सुशासन र अमनचयन प्राप्त हुनेछ । समृद्धिको ढोका खोलिनेछ भन्ने विश्वासका साथ जनताको न्यून सहभागिता यस चुनावमा रह्यो। यो चुनावमा आफ्नो जित सुनिश्चित गर्न उम्मेदवारले लाखौँलाख खर्च गरे। भोजभतेर पनि गर्न भ्याए। जित्नेहरूले खुसी व्यक्त गरे। हार्नेहरूको आजसम्म अवस्था ठीक छैन। यिनै परिघटनासँगै कथित स्थानीय चुनाव सम्पन्न गरे।

यसै क्रममा सरकार परिवर्तन भयो । माकेको ठाउँमा काङ्ग्रेसले म्यादी सरकार बनायो । ४/४ पल्ट जनताको स्वीकृतिबिना प्रधानमन्त्री बनेका काङ्ग्रेस सभापति शेरबहादुर देउवाले प्रधानमन्त्रीको कार्यभार समालेका छन्। उनी देशलाई निकास दिनेभन्दासरकार टिकाउने खेलमा लागिरहेका छन् । अहिले राजनीतिक वृत्तमा एक जोडी गठबन्धनले चर्चा पाउने गरेको छ । चुनावी तालमेल बुथबुथमा जालझेल गर्ने गरी सहमति गरेको देउवा-प्रचण्डको अस्वाभाविक गठबन्धनले न राष्ट्रियताको प्रश्नमा नयाँ काम गर्छ न त जनताले राहत नै पाउँछन् । मात्र कुर्सी, पद र प्रतिष्ठाका भोगीहरूको सत्ता समीकरणले जनताको जीवनस्तर कष्टकर बन्ने निश्चित नै भइसकेको छ । हिजो क्रान्तिकारीहरूको टाउकाको मूल्य तोक्ने, सङ्कटकाल लगाउने, न्यायपूर्ण विद्रोहलाई विस्तारवाद र साम्राज्यवादको इशारामा दमन गर्ने, हत्या गर्ने र अन्त्यमा शासन सत्ता दरबारमा लगेर सुम्पिदिने असफल काङ्ग्रेस सभापति देउवा र क्रान्तिलाई प्रतिक्रान्तिमा धकेलिदिने उत्पीडित जनजाति, मजदुर, किसान, मधेसी, आदिवासी, महिला, मुस्लिम जनतालाई मुक्तिको सपना देखाई बीच बाटोमा ल्याएर क्रान्तिबाट विचलन भई नवसंशोधनवादमा पतन हुन पुगेका प्रचण्डको सत्ता समीकरण र राजनीतिक सहकार्यले वर्गसङ्घर्षमा हेलिएका वर्गीय मुक्तिका लागि प्राणको आहुति दिने वीर सहिदहरूको अममान भएको छ । यही व्यवस्थाका लागि ९ हजार नेपाली सपूतले रगत बगाएका थिएनन् । नेपालमा जनवादी क्रान्तिसँगै वैज्ञानिक समाजवाद स्थापना गर्ने अठोटका साथ जनयुद्ध, जनआन्दोलन र जनसङ्घर्षमा भाग लिएका नेपाली जनताले गम्भीर धोका पाए । अहिले पुरानो व्यवस्थाका पक्षपातीहरू आफ्नो व्यवस्थामा फर्किएकोमा खुसी व्यक्त गरिरहेका छन् भने दुस्मनको क्याम्पमा रमाउन पुगेका प्रचण्डलाई प्रतिक्रियावादीहरूले आफूअनुकूल काम गरेकोमा धन्यवादको ओइरो लागिरहेको छ । यसै सन्दर्भमा नेपालमा असफल संसदीय व्यवस्थाले जग हालिरहेको छ ।

सम्पन्नताका नाममा जनतालाई भ्रम छरिरहेका संसद्वादीहरूले आफ्नो सत्ता बलियो बनाउन अनेकौँ कुप्रचार गरिरहेका छन् । विकास निर्माण र जनताको सुखसुविधाका लागि त्याग र बलिदान गरेको हुँ भन्दै असफल बनाउने कसरत अहिलेका राजनीतिक दलहरूले गरिरहेका छन् । यसको ज्वलन्त उदाहरण हो संविधान संशोधन गरी मधेसी नेताका नाजायज माग पूरा गर्ने, भारतलाई खुसी पार्ने दाउमा भर्खर सरकारको माथिल्लो ओहोदामा बसेका मन्त्री दिल्ली भ्रमण र लाचार बनेर असमान सम्झौता गरी सरकार टिकाउने भारतीय एजेन्डाहरू एकपछि अर्को कार्यान्वयन गर्ने दिशामा सरकार अगाडि बढिरहेको छ । हामीले न्यायका लागि सङ्घर्ष गर्‍यौँ । राष्ट्रिय स्वाधीनता र सार्वभौमिकताका लागि अगाडि बढ्यौँ तर तिनै नेता जो संसदीय व्यवस्थाको विकल्प देख्दैनन् यहाँ जनताको तहबाट सोच्ने हो भने रानीतिक चेतना जति नै उच्च रहे पनि जनताले यथार्थ बुझ्दाबुझ्दै पनि प्रतिक्रियावादी शासन सत्तालाई झन् बलियो पार्ने खेलमा आफूलाई सामेल गराए । स्थानीय चुनावले साँच्चिकै मुलुकलाई निकास देला त ? यो प्रश्न गम्भीर छ किनभने चुनाव र राजनीतिक भाषणले दलको घोषणापत्रले शान्ति र अमनचयन आउँदैन । यसका लागि व्यावहारिक प्रतिबद्धता आवश्यकता पर्दछ।

मार्क्सले भन्नुभएको थियो- "समाजमा रूपान्तरण विचारमा क्रान्ति ल्याएर मात्र हुन्छ । विचार, दर्शन र राजनीतिलाई ठीक ढङ्गबाट अगाडि बढाएर समाजलाई रूपान्तरण गर्न सकिन्छ ।" कम्युनिस्ट पार्टीको सदस्यले आफ्नो सैद्धान्तिक स्तर माथि उठाउनुपर्छ। पार्टीको उद्देश्य प्राप्त गर्न प्रयास गर्नु श्रमजीवी जनताको इमानदारीपूर्वक सेवा गर्नु कहिल्यै ढुलमूल नहुनु क्रान्तिकारिता हो। निम्न पुँजीवादी चिन्तनले यथास्थितिमा चक्कर काट्छ । गल्ती गर्ने पार्टी सदस्यहरूले जनतालाई गलत बाटोमा लैजान्छ। सिद्धान्तले व्यवहारसँग हातमा हात मिलाएर अगाडि बढ्नुपर्छ । संसद्वादभित्र चरम व्यक्तिवाद हुन्छ। व्यक्तिवादले खतरनाक रोग पैदा गर्दछ । नोकरशाही, हुकुमीतन्त्र, सङ्कीर्णतावाद, मनोगत, भ्रष्टाचार, चरम महत्वाकाङ्क्षाजस्ता हरेक क्रियाकलाप आफ्नो वर्ग तथा जनताको हितप्रति चासोद्वारा निर्देशित नभईकन सम्मान र पद पास्त गर्ने उद्देश्य राख्नु भनेको संसदीय कार्यशैली हो । त्यसकारण संसदीय मूलधारको राजनीति गर्नेहरूले कार्यनीतिक नारालाई बढी जोडतोडले प्रचार गर्ने कार्य गर्छन्। अहिले नेपालको राष्ट्रिय राजनीति विदेशी प्रभुहरूको निर्देशन भारतीय विस्तारवादको आदेशमा चलिरहेको छ।

समाजको रूपान्तरण क्रान्ति र परिवर्तनको एजेन्डालाई साम, दाम, दण्ड र भेदमा विदेशीको गोटी बनी क्रान्तिनायकहरू खलनायक बन्ने अवसरवादी कित्तामा पनि उभिरहेका छन् । त्यसकारण जनवादको जगमा समाजवादी व्यवस्था अपरिहार्य बन्न गएको छ। तर समाजवादी राज्य निर्माण गर्न र वैज्ञानिक समाजवादी उद्देश्य प्राप्त गर्नको निम्ति यथास्थिति कार्यशैलीलाई त्यागी र चट्टानी एकता कायम गर्न सङ्गठन निर्माण गर्ने, अनुशासन पारदर्शी जीवनशैली अनुकरण गर्ने र समाजमा भएका गलत तत्वको निर्ममताका साथ अन्त्य गर्न प्रयत्न गर्नेलगायत कार्यभार क्रान्तिकारी सङ्गठनको जिम्मेवारी हो । त्यहाँ त केवल क्रान्तिकारी जीवनशैलीको अनुशरण मात्र भएर पनि हुँदैन। पुँजीवादी संसर्गमा फस्न पुग्ने खतरा क्रान्तिकारीहरूमा हुन्छ। यिनको बुझाइ भाषामा उग्र क्रान्तिकारी व्यवहारमा अवसरवाद हाबी हुने गर्छ। अहिले नेपाली जनताले के बुझ्दैछन् भने को जनताको असली पहरेदार हुन्, कसले राष्ट्रहितका निम्ति त्याग गर्दैछ भन्ने कुरा बुझेका छन्। तर जानअन्जान संसदीय प्रक्रियाको विकल्पमा जान सकेका छैनन् । कारण हामीले स्पष्ट पार्न नसक्नु, संसदीय भ्रमलाई चिर्न नसक्नु, विभक्त समाजलाई बुझ्न नसक्नु नै हो । बढ्दो भ्रष्टाचारको पर्याय बनेको संसद्वादी व्यवस्था जनताले स्वीकारेको छैन । संसद्वादीहरूले नेपाललाई सिक्किमीकरण बनाउन लागिरहेका छन्। विदेशी इशारामा देशको प्राकृतिक साधनस्रोत दलाललाई सुम्पेका छन् भने विभिन्न तत्वहरूसँग मिली भ्रष्टाचार गर्ने कमिसन खाने राष्ट्रिय अस्मितालाई बन्धक राखी देशद्रोही काम गरिरहेका छन् । यिनै नालायकहरू फेरि जनतालाई शासन गर्न अभ्यस्त देखिन्छन् ।

अशान्ति र अराजकतामा मौलाएको संसद्वाद पतीत व्यवस्था हो । आदेश, मूल्य र मान्यताहरूलाई लिलामी गर्ने नौटङ्की र जनहितका कुरा गरिरहेका छन् । विदेशीको निर्देशनमा राष्ट्र र राष्ट्रियतालाई दाउमा राखेर संसद्वादीहरू फेरि पनि जनतालाई कुशासन लाद्न स्थानीय चुनावका नाममा गाउँबस्ती र सहरहरूमा भ्रमको खेती गर्दैछन्। नेपाली जनताको इमानदारीलाई बेवास्ता गर्दै जनताले अस्वीकृत गरेको संविधानलाई कार्यान्वयनको दिशामा जोडतोडले संसद्वादीहरू लागेका छन् । जनजीविका र जनसरोकारको विषयलाई लत्याउँदै फेरि पनि स्रोत साधनमाथि आँखा लगाउँदै पुनः भ्रष्टाचार, कमिसन खान अगाडि बढिरहेका छन्। क्रान्तिकारीहरूले जनतालाई सुसङ्गठित गरी राष्ट्रघाती व्यवस्था र तिनका मतियारहरूलाई गाउँगाउँ, बस्तीबस्तीबाट लखेट्नु र नेपालमा समाजवादी व्यवस्था स्थापना गर्नुको विकल्प छैन।

# वैज्ञानिक समाजवाद मानव समाजको आजसम्मको सर्वोत्तम सामाजिक व्यवस्था हो



**सन्देश पौडेल**
केन्द्रीय सदस्य, नेपाल कम्युनिस्ट पार्टी

➲ ***तपाईं कहिले, कसरी र कुन ठाउँबाट गिरफ्तार हुनुभयो ?***

वैशाख २४ गते काठमाडौँमा आयोजना गरिएको पार्टी प्रवेश कार्यक्रममा सहभागी हुन म २३ गते धनुषाको महेन्द्रनगरबाट बर्दिबास हुँदै सिन्धुली जाँदै थिएँ । त्यस दिन सिन्धुलीको भेटघाट सकेर २४ गते काठमाडौँ जाने कार्यक्रम थियो । सोही क्रममा २३ गते ४ बजे भिमान इप्रका अगाडि सवारी साधन रोकी सवारी साधनभित्रैबाट बिनापुर्जी, बिना जानकारी, बिनापोसाक ४/५ जनाको सङ्ख्यामा आएका व्यक्तिहरूले जबर्जस्ती समाएर लगे ।

➲ ***चुनाव खारेजी अभियानमा लाग्दा गिरफ्तार पर्नुभयो । के अभियान सशस्त्र थियो र ?***

होइन, यो नितान्त शान्तिपूर्ण र राजनीतिक तरिकाको थियो । हामी यो चुनावलाई राजनीतिक रूपमा खारेजी गर्न चाहन्थ्यौं । किनकि आमूल परिवर्तनका खातिर भएका विभिन्न सङ्घर्षहरू, महान् जनयुद्ध र ऐतिहासिक जनआन्दोलनको लक्ष्यविपरीत नेपालमा दलाल संसदीय पुँजीवादी व्यवस्था लादियो । यही व्यवस्थालाई संस्थागत गर्न आएको यो संविधान र त्यसैको कडीका रूपमा ल्याइएको कथित स्थानीय निर्वाचन जनताको मुक्तिको साधन बन्नै सक्दैनथ्यो । यो त महान् सहिदहरूमाथिको ठूलो धोका र गद्दारी थियो । जनतालाई नयाँ तरिकाबाट शोषण गर्ने, दमन गर्ने र देशलाई कङ्गालीकरणको दिशामा लैजाने संस्थागत जालो मात्रै थियो । विदेशीहरूको योजनामा नेपालको परिवर्तनकामी आन्दोलनमा बाधा पुऱ्याउने षड्यन्त्र थियो । आन्दोलन र क्रान्तिका नायकहरूको पतनलाई भण्डाफोर हुनबाट जोगाउने असफल कोसिस मात्रै थियो ।

त्यसैले हाम्रो पार्टी यो व्यवस्था र यसैलाई संस्थागत गर्ने कडीका रूपमा आएको कथित चुनावको औचित्य नभएको, बरु त्यसको ठाउँमा वैज्ञानिक समाजवादसहितको निर्वाचनको आवश्यकता भएको तथ्य आम जनतामा लैजाने कार्यक्रम र अभियान थियो । तर यो अभियान दलाल पुँजीवादीहरूका लागि मुटुमा कोप्ने भ्रीरजस्तो र उनीहरूको लुटतन्त्रमा आउन थालेको ठूलो भूकम्पजस्तो महसुस गरे । जसले गर्दा शान्तिपूर्ण अभियानमा लागेकाहरूलाई गिरफ्तार गर्ने, झूटा मुद्दा लगाउने र जनतामा डरत्रास फैलाउने काम गरे ।

➲ ***नेकपाले चुनाव खारेजी अभियान सफल भयो भनेको छ । तपाईं त हिरासतमा हुनुहुन्थ्यो । यो अभियानको सफलता के हो ?***

यो निर्वाचन खारेजी अभियान केही कमजोरी र सीमा हुँदाहुँदै पनि सफल भएको छ । यसको सफलतालाई चारवटा बुँदामा भन्न सकिन्छ :

१. यो निर्वाचन खालि निर्वाचन मात्रै थिएन, यो सत्ताको प्रश्न थियो । यसपटकको निर्वाचनले संसदीय पुँजीवादी व्यवस्थालाई संस्थागत गर्न चाहने र त्यसको विकल्प समाजवादी व्यवस्था निर्माण गर्न चाहने शक्तिहरूका बारेमा जनताबीच घामजस्तै छर्लङ्ग पारेको छ । जसले गर्दा दलाल संसदीय पुँजीवादी व्यवस्थालाई संस्थागत गर्न चाहने, सिद्धान्ततः विरोध गर्दागर्दै पनि त्यसमै अल्मलिने र त्यसका विरुद्ध दृढतापूर्वक उभिने गरी तीन कित्तामा विभाजन गरिदिएको छ । यसका बारेमा जनतालाई अब धेरै भनिरहनु पर्दैन ।

२. यो निर्वाचनले पुनः एकपटक यो व्यवस्था अन्ततः जनताको व्यवस्था होइन भन्ने प्रस्ट पारेको छ । निर्वाचनमा पैसाको प्रयोग, अराजनीतिक गठबन्धन, जेल, नेल, दमन र हत्या, सत्ता र पार्टी शक्ति प्रयोग गरी जनचाहनाविपरीत धाँधली, संसदीय पार्टी र तिनका प्रतिनिधिप्रति जनताको उपेक्षा भावले यो व्यवस्था जनताको होइन भन्ने प्रस्ट पारेको छ ।

३. वैकल्पिक सत्ता निर्माणको आधार तयार भएको छ । निर्वाचनमा भएका समग्र घटना र प्रकृति, कथित निर्वाचितहरूले गरेका प्रारम्भिक निर्णयहरू, निर्वाचनमा भाग लिने पार्टीबीचमा कुनै गुणात्मक अन्तर नभै सामान्य मात्रात्मक अन्तर मात्र देखिनु, समावेशी र केही सीमित अधिकार स्थानीय तहमा हुनुबाहेक २००७ सालपछिका यावत् चुनावहरूको अर्को निरन्तरताबाहेक यो चुनाव कुनै अर्थमा पनि फरक देखिँदैन । त्यसैले जताबाट नापेर हेर्दा पनि अर्को वैकल्पिक सत्ताको आवश्यकता देखिन्छ । यो पनि यस खारेज अभियानकै क्रममा व्यवहारद्वारा पुनः पुष्टि भएको छ ।

४. झन्डै ६०० को सङ्ख्यामा गिरफ्तारी, दर्जनौँ स्थानमा जनप्रतिरोध हुनु, चुनावकै बीचमा सयौँ स्थानमा नयाँ सत्ताको निर्माण प्रक्रिया अघि बढ्नु, जनताको प्रतिरोधी मनोविज्ञान विकास हुनु, कार्यकर्तामा नयाँ जोस र उत्साह थपिनु, राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा पार्टी र नेतृत्वको साखमा वृद्धि हुनुजस्ता कुरा चुनाव खारेजी अभियानका सफल पक्ष हुन् ।

जहाँसम्म म हिरासतमा थिएँ भन्ने कुरा हो, म मात्र होइन, आधा दर्जन केन्द्रीय सदस्य र दर्जनौ जिल्लाका इन्चार्ज, सेक्रेटरीलाई हिरासत र केहिलाई जेल पनि हालियो । यसले के पुष्टी गर्दछ भने नेकपाका नेता कार्यकर्ता र सयौंको सङ्ख्यामा जनतालाई थुनेर चुनाव गरियो । यसले यो एउटा नौटङ्की थियो भन्ने पुष्टि गर्दछ ।

➲ ***पक्राउपछि यहाँको सम्पर्कमा आएका प्रशासनका व्यक्तिहरूको व्यवहार र सोचाइ कस्तो पाउनुभयो ?***

मलाई पक्राउपछि भिमानको इलाका प्रहरी कार्यालय, सिन्धुली, जिल्ला प्रहरी कार्यालय तथा जिल्ला प्रशासन कार्यालय सिन्धुली, सिन्धुली कारागार, जिल्ला प्रहरी कार्यालय महोत्तरी र जिल्ला अदालत महोत्तरीलगायतका ठाउँहरूमा लगियो । ६५ दिनको यो यात्रामा प्रहरी, कर्मचारी, बन्दी, कैदी, सेनासहित सयौंको संख्यामा भेटघाट, छलफल र अन्तरक्रिया हुन पायो । ती सबै छलफलबाट हामी सबै साथीहरू निकै उत्साहित भएका छौं । खास गरी २ वटा प्रवृत्तिहरू देखा परे, जसमा एउटा थियो दलाल प्रवृत्ति । दुई चार जना यस्ता भेटिए जसले हामीलाई कडा र झुटा मुद्दा लगाउन उद्दत रहे । सत्ताको तावेदारी गर्ने, राजनैतिक बन्दीलाई हेप्ने र अपमान गर्ने गरे । साथै जनतालाई भेडाबाख्रा सम्झने र सोहीअनुसार दम्भ प्रकट गर्ने । अर्को विल्कुल फरक प्रवृत्ति थियो, जसले सुरुदेखिनै हाम्रा पार्टीका सबै साथीहरूलाई निकै मानवीय व्यवहार प्रदर्शन गरे । खाना, स्वास्थ्य, बसाई, सूचनासंचार आदिमा महत्वपूर्ण सहयोग गरे । अचम्म लाग्दो कुरा के थियो भने अधिकांश भेटघाट र छलफलहरूमा उनीहरूले हाम्रो पार्टी र नेतृत्वप्रति आशासहित आफ्ना विचारहरू राखे । "नेपालमा धेरैलाई हेरियो, केही पनि भएन, प्रचण्ड र बाबुरामप्रति त निकै आशा थियो तर उनीहरू पनि अरु पार्टी जस्तै भए । अब तपाईंहरूको पार्टी र तपाईंहरूको नेतालाई हेर्न बाँकी छ ।" उनीहरू थप भन्दै थिए -"जनताले पनि तपाईंहरूप्रति हेरिरहेको छ, तपाईंहरूको नेतृत्वप्रति हेरिरहेको छ । छिट्टै तपाईंहरू अगाडि बढ्नुस् र नबिग्रिनुस् ।" कैयौंले हाकिमहरूका आँखा छल्दै उनीहरूका गलत क्रियाकलापहरूबारे सूचना दिन्थे । प्रहरीमा मात्रै होइन, कर्मचारीमा पनि त्यही व्यवहार देखियो । तल्लो तहका कर्मचारीहरूले पार्टी र नेतृत्वप्रतिको सद्भाव तथा विश्वासले हामीलाई आश्चर्य र उत्साही बनायो । कैदी, बन्दीमा त निकै सद्भाव पाइयो । उनीहरू परिवर्तनका बारेमा निकै चनाखोपूर्वक हेरिरहेका थिए । पार्टी र नेतृत्वप्रतिको आशा झण्डै कार्यकर्ताको स्तरमा थियो । उनीहरूले भने-"धेरैजसो जेलमा यसै प्रकारको मनोविज्ञान छ ।" रातोखबर पत्रिका नियमित गर्ने र आन्दोलनलाई आर्थिक सहयोग गर्न पनि उनीहरू निकै आतुर देखिन्थे ।

➲ ***अभियान सफल भयो भनिए पनि चुनाव त भै हाल्यो नि ? २ नं प्रदेशमा पनि असोज २ गते हुने भनिएको छ नि त ?***

पहिलो कुरा चुनावका बारेमा जे तथ्याङ्क बाहिर सार्वजनिक गरिएको छ त्यो नै गलत हो । कुल मतदानका लागि योग्य नेपाली नागरिकमध्ये झन्डै २० प्रतिशत मतदाताको सूचीमा नामै छैन । चुनावको बेलामा झन्डै ४० लाख नेपाली मतदाता देशबाहिर थिए । जुन मतदाता देशमा थिए त्यसको एउटा हिस्सा खारेजीका पक्षमा थियो । त्यसैले ७० प्रतिशत मतदाता भन्ने विषय नै गलत हो । कुल नेपालीमध्ये २० देखि २५ प्रतिशतले मात्रै मतदान गरेका छन् ।

दोस्रो कुरा, मतदानमा राज्यको त्रासले पनि काम गरेको छ । जति स्वेच्छाले गएका छन् उनीहरूमा पनि व्यवस्था र पार्टीप्रति खासै विश्वास छैन । तथापि चुनावको बेला ज्ञानेन्द्रले गराएको चुनावबाहेक सबै चुनावमा जनताको एउटा हिस्साले मतदान गरेकै छ । त्यसबाट तत्कालीन व्यवस्थाका पक्षमा जनता रहेको पुष्टि हुनै सक्दैन । जनता पञ्चायतविरोधी थिए तर पञ्चायतमा हुने चुनावमा जनता गणतन्त्रका पक्षमा थिए, राजतन्त्र भएको बेला पनि चुनावमा सहभागी बनेका थिए । यसैले मतदानमा भाग लिँदैमा जनताको राजनीतिक बुझाइको अन्तिम फैसला हुन सक्दैन ।

जहाँसम्म २ नं प्रदेशको चुनाव छ, त्यसमा पनि अन्य प्रदेशको जस्तै राज्यले नाटक गर्न कोसिस गर्ने नै छ । तथापि अत्यधिक मधेसी जनता उत्पीडित र गरिबीको मारमा छन् जसले गर्दा कथित थोत्रो र संसारभर परीक्षण भैसकेको पुँजीवादी व्यवस्था र त्यसमा गरिने चुनावका पक्षमा जान चाहँदैनन् । त्यसैमाथि साम्राज्यवादी आड र भरोसामा हुन लागेको यो चुनावको सशक्त खारेजीका पक्षमा उभिने छन् । हाम्रो पार्टीले यसको शानदार नेतृत्व गर्नेछ ।

➲ ***तपाईंको पार्टीले वैज्ञानिक समाजवाद स्थापना गर्ने रणनीतिक कार्यक्रम बनाएको छ । के नेपालमा वैज्ञानिक समाजवाद स्थापना हुने सम्भावना छ ? यसका आधारहरू के के हुन ?***

हो, हाम्रो पार्टीले वैज्ञानिक समाजवाद स्थापना गर्ने रणनैतिक कार्यक्रम बनाएको छ । हाम्रो पार्टी वैज्ञानिक समाजवादलाई रणनीति बनाएकोले यो नेपाली समाजमा लागु हुने होइन, बरु वैज्ञानिक समाजवाद नेपालमा अनिवार्य रुपमा लागु हुने भएकाले हाम्रो पार्टीले यसलाई रणनैतिक कार्यक्रम बनाएको हो ।

वैज्ञानिक समाजवाद मानव समाजको आजसम्मको सर्वोत्तम सामाजिक व्यवस्था हो । यो विश्वभरी नै क्रमशः लागु हुँदै जानेछ । नेपालमा त झन् सहजपूर्वक र छिटो निर्माण हुनेछ । पहिलो कारण के छ भने नेपाली समाजमा जुन परिवर्तनको अभिलाषा छ, त्यो तीब्र र बेगवान गतिमा छ । एउटा परिवर्तनपछि त्यो भन्दा उचाइको अर्को परिवर्तनका लागि नेपाली जनता १० बर्ष पनि कुर्न सक्दैनन् । आमूल परिवर्तनको आफ्नो लक्ष्य नभेटाउन्जेल जनता निरन्तर संघर्षमा छन् । राणा शासन फाले, पञ्चायत फाले, राजतन्त्र फाले, माओवादीलाई सबैभन्दा शिखरमा पुऱ्याए, आज माओवादी केन्द्रले क्रान्तिप्रति धोका दियो भन्ने थाहा पाएपछि झन्डै पत्तासापको स्तरमा पुऱ्याए । अर्को क्रान्तिकारी बिकल्पबारे जनता सचेत भएपछि यो दलाल संसदीय व्यवस्था फालेर वैज्ञानिक समाजवादी व्यवस्था निर्माण गर्न कुनै समय नै लाग्ने छैन ।

दोस्रो, समाजवाद समृद्धि र समानताको व्यवस्था हो । नेपालमा समृद्धिका प्रशस्त आधारहरू छन् । यहाँको पर्यटन, उर्जा, जडिबुटीलाई राम्ररी व्यवस्थापन गर्दा पनि प्रतिव्यक्ति आय संसारमै राम्रोमध्येको एक हुन्छ । पुँजीवादले उत्पादनमा सामूहिक गरे पनि वितरणमा असमानता गरेको छ, त्यसको बदलामा वैज्ञानिक समाजवादले उत्पादनमा सामूहिकता र वितरणमा समानता गर्दछ । पुँजीको तीब्र विकास र त्यसको समान वितरणले समाजलाई तीब्र गतिमा न्याय र समानतासहितको समृद्धिलाई विकास गराउँदछ । यदि ठीक र सही ढंगले हाम्रो देशको शासन चलाउने हो भने वनजंगल, जडिबुटी, पर्यटन, खनिज, जमिन, श्रमशक्ति, भौगोलिक बनावट, छिमेकीमा तीब्र विकास भइरहेको अर्थतन्त्र, भ्रष्टाचार र कमिसनखोरीका कारण जम्मा गरी राखिएको खर्बौ डलर बराबरको सम्पत्ती आदिजस्ता विषयको उचित व्यवस्थापनले नेपालको समृद्धिलाई सजिलै जनताको पहुँचमा ल्याउन सक्छ ।

नेपालमा सर्वहारा वर्गले यहाँको पुँजीवादी र मध्यमवर्गीय जनसमुदाय (जसको चरित्र बदलिएको छ) लाई गोलबद्ध गरेर संघर्षमा अगाडि बढ्नुपर्छ । मजदुर, किसान, सुकुमबासी, उत्पीडित जनसमुदाय, देशभक्त सेना, प्रहरी, कर्मचारी, प्रगतिशील मध्यमवर्गसहित देशभित्र र बाहिर रहेका जनसमुदाय एकताबद्ध भई यहाँको दलाल संसदीय पुँजीवादी व्यवस्थाको विरुद्ध संघर्ष गर्ने बिषयमा कुनै द्विविधा छैन । त्यसको नेतृत्व गर्न क. विप्लवको नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टी योजनावद्ध ढंगले अगाडि बढेको छ । वैज्ञानिक समाजवादको ठोस खाकासहित संघर्षको मैदानमा छ । जसले गर्दा वैज्ञानिक समाजवादको यात्रा छिटो र छरितो बनिरहेको छ ।

➲ ***तपाईंको पार्टीले समानान्तर सत्ता चलाएको हो ? किन यसको आवश्यकता पऱ्यो ?***

हो, हाम्रो पार्टीले आम जनतासँग मिलि समानान्तर सत्ता सञ्चालन गर्न लागेको छ । तर ती सत्ताहरू प्रचारात्मक र प्रारम्भिक चरणमा छन् । विगतमा सञ्चालन गरिएका जनसत्ताहरूलाई अपमान र बेइमानीपूर्वक विघटन गरिए । यसैबिच जनसत्ताका बारेमा प्रतिक्रियावादी सत्ताले धेरै नै भ्रमहरू पनि सिर्जना गऱ्यो । संगसंगै नेपाली समाजमा देखापरेको उत्पादन सम्बन्धको विकासले क्रान्तिको नमूनामा पनि परिवर्तन ल्याएको छ । त्योसँगै जनसत्ताको अवधारणालाई पनि सोहीअनुसार परिमार्जित गरेको छ । अब वैज्ञानिक समाजवाद निर्माण गर्न एकीकृत जनक्रान्तिको कार्यदिशामार्फत अघि बढ्दैछौं । त्यसैको एक अभिन्न अंगका रुपमा जनसत्ताहरूको विकास, बिस्तार र सुदृढिकरण गर्दै केन्द्रीय सत्ता कब्जा गरिनेछ ।

जहाँसम्म जनसत्ताको आवश्यकताको प्रश्न हो, त्यो मुख्यतः दुई कारणले छन् । पहिलो, रणनैतिक हिसाबले वैज्ञानिक समाजवादी व्यवस्था निर्माणको आधारको रुपमा जनसत्ता सञ्चालन गरिनेछ । दोश्रो, कार्यनैतिक हिसाबले जनताका दिन दिनैको समस्या र उनीहरूमाथि हुने सबै प्रकारका उत्पीडनहरू कम गर्न तत्काल जनतालाई न्याय, समानता, समृद्धिको क्षेत्रमा राहत दिन जनसत्ताको आवश्यकता पऱ्यो ।

➲ ***तपाईंको पार्टीले ठाउँठाउँमा जग्गा कब्जा गर्ने, कर्मचारीलाई कालोमोसो दल्ने प्रकृतिको कारवाही किन गर्ने गरेको हो ?***

ठीकै भन्नुभयो । हाम्रो पार्टीले उत्पीडित जनतासँग मिलि जनताको माग दाबीअनुसार थप अध्ययन अनुसन्धानपछि त्यसप्रकारका कारबाही गर्ने गरेको छ । जसलाई जनचाहनाअनुसार अझै बढाउँदै लगिने छ । जहाँसम्म जग्गाको प्रश्न छ, त्यहाँ मुख्यतया दुई प्रकृति छन् । एउटा सामन्त दलाल तथा नोकरशाही पुँजीपतिहरूको जमिन छ, जसलाई कब्जा गरी जनता र राज्यको मातहत ल्याउने नीति रहेको छ । अर्को, जनता र जनताबिचका विवादित बिषय छन्, जसलाई छलफलद्वारा न्यायोचित आधारमा मिलाउने काम गरिन्छ । त्यसरी मिलाउने क्रममा सत्ता, पैसा र गुण्डाको बलमा अन्याय गर्न खोजेमा त्यहाँ पनि कब्जा गरिने छ तर कुनै पनि प्रकृतिको कब्जा गरेको जमिन बेचबिखन गरिने छैन । ती जमिन शहीद परिवार, सुकुमबासी र सर्वहारा वर्गलाई निःशुल्क वितरण गरिनेछ । मोही र त्यसप्रकारका अन्य प्रकृतिसँग सम्बन्धित जमिन भने सम्बन्धित व्यक्तिलाई दिइनेछ । अन्ततः जमिन सम्बन्धी तयार पारिएको वैज्ञानिक नीतिका आधारमा क्रान्तिकारी भूमिसुधारको नीति लागु गर्दै लगिने छ । यी कामको विस्तारै नयाँ सत्ता अन्तर्गत अगाडि बढ्दै जानेछन् ।

जहाँसम्म कालोमोसोको प्रश्न छ, त्यो खासगरी भ्रष्टचारी, अनियमितता र बद्मासीसँग सम्बन्धित छन् । हामीले भनेका छौं, ठेकेदारहरूले ठेक्का पट्टामार्फत, नेता र कर्मचारीले कमिसनमार्फत, स्थानीय तहका सरकारी कार्यालयहरूमा घुसमार्फत, गैरसरकारी संस्थामा अनुत्पादक क्षेत्रमा बजेट लगानी गरी हिसाब किताब मिलानमार्फत, दलालहरूले दलालीमार्फत, जमिनको दलालीदेखि मानव तस्करीसम्मका लुट गरेकोले जनता आक्रान्त बनेका छन् र देशको अर्थतन्त्र विकास हुन सकिरहेको छैन ।

यी र यस्ता गतिविधिबारे हामीले ज्ञापन पत्रमार्फत, पर्चा पम्प्लेट र अपिलमार्फत, नारा जुलुस र आमसभा मार्फत तथ्यहरूसहित निरन्तर भनिरहेका छौं । तर राज्य कानमा तेल हालेर बसेको छ । त्यतिमात्रै होइन, उल्टै उनीहरूसँग मिली देश र जनता लुटिरहेको छ । त्यसैले यस्ता प्रवृत्तिलाई भण्डाफोर गर्न हामी जनचाहना अनुरुप कालोमोसो दल्नेजस्ता गतिविधिमा पनि सामेल भैरहेका छौं ।

➲ ***त्यस्तो खराब कामका बिरुद्ध प्रशासनसँग मिलेर वैधानिक ढङ्गले कारवाही गर्दा हुँदैन ? नत्र त तपाईंका कार्यकर्ता जेलमा थुनिने भए नि ?***

हुन्छ पनि, हुँदैन पनि । कैयौं कारवाहीहरू, जहाँ देशभक्त प्रहरी, कर्मचारी र प्रशासन छन्, त्यहाँ मिलेर पनि कारवाही हुन सक्छ । जहाँ त्यसप्रकारका बदमासीहरू राज्यकै संरक्षणमा भैरहेका छन्, त्यहाँ राज्यको संयन्त्रसँग मिलेर होइन, जनतासँग मिलेर मात्र काम कारवाही गर्न सम्भव छ । जहाँसम्म त्यसो गर्दा समातिने र थुनिने विषय छ, त्यसलाई हामीले दुई किसिमबाट स्वभाविक मानेका छौं । एउटा, न्याय र समानताका लागि, देश र जनताको लागि वा क्रान्ति र मुक्तिका लागि संघर्ष गर्दा जेल, नेल, कुटाई र वलिदानीलाई हामीले स्वभाविक मानेका छौं । अर्को, त्यसप्रकारको गतिविधिको सीमा नाघ्दै जान थाल्यो भने जनसत्ताद्वारा स्थापित जेलमा त्यसप्रकारका अपराधीहरूलाई राखिने छ । जनताद्वारा प्रतिकारवाही अगाडि बढाइने छ ।

➲ ***यहाँहरूको भावी कार्यक्रम के कस्तो होला ? हाम्रा पाठकको जिज्ञासा मेटाइ दिनुहुन्थ्यो कि ?***

हाम्रो सबै कार्यक्रमहरू नेपालमा वैज्ञानिक समाजवाद ल्याउन एकीकृत जनक्रान्तिको कार्यदिशाको जगमा तय गरेर जानेछौं । जसअन्तरगत -

१. जनतालाई वैज्ञानिक समाजवादबारे सचेत गर्दै जागरण अभियान सञ्चालन गर्ने ।
२. दलाल पुँजीवादी सत्ताका संयन्त्रबाट होइन, जनताका आफ्नै संयन्त्र निर्माण गरी अगाडि बढिने छ ।
३. यस सत्ताका संरचनाभित्रको चुनाव खारेज गर्दै लगिने छ । जनसत्ताको निर्माण र त्यस अन्तरगतको निर्वाचनमार्फत प्रतिनिधि छान्दै लगिने छ ।
४. जनता, जनता र फेरिपनि जनताबाहेक हाम्रो लागि केही पनि छैन । त्यसैले जनताका दिनानुदिनका समस्यामा जोडिएर न्याय दिलाउने, राहत दिने, विकास निर्माणमा लाग्ने साथै जनताका अधिकारहरू स्थापित गराउने कार्य गर्नेछौं ।
५. राष्ट्रियता निकै गम्भीर अवस्थामा छ । सबै देशभक्तसँग मिली राष्ट्रिय सार्वभौमिकताको खातिर संघर्ष बढाउने छौं ।
६. आन्तरिक हिसाबले हेर्दा जनसम्बन्ध र संगठनलाई सुदृढ गर्दै लगिने छ ।
७. सबै प्रकारका भ्रष्ट र बदमास विरुद्ध भण्डाफोर र जनकारवाही अगाडि बढाइने छ ।
८. समानान्तर सत्तालाई सुदृढ गर्दै जनताका कामहरू त्यसैमार्फत गर्दै लगिने छ ।
९. गिरफ्तार गरिएकालाई रिहा गराउन, झुट्ठा मुद्दा खारेज गराउन राज्यद्वारा गरिने दमनको प्रतिरोध गर्न दृढतापूर्वक अगाडि बढिने छ ।

*वार्ताकार : अम्बिका चन्द*

●●●

# नयाँ जनवादी क्रान्तिका विरोधी र मित्र शक्तिहरू

**स्रोत : दस्तावेज संग्रह भाग १ पुष्पलाल स्मृति प्रतिष्ठान**

हाम्रो समाजमा आज विभिन्न अन्तर्विरोधहरू छन्। जस्तै सामन्त र किसानबीचको अन्तरविरोध, पुँजीपति वर्ग र सामन्ती वर्गबीचको अन्तरविरोध, पुँजीपति वर्ग र मजदुर-किसान वर्गबीचको अन्तर्विरोध, धनी किसान र मध्यम वर्गीय किसानबीचको अन्तरविरोध आदि। तर यी सम्पूर्ण अन्तरविरोधहरू समान किसिमका छैनन् । खास ऐतिहासिक स्थितिमा विभिन्न खालका अन्तर्विरोधहरूमध्ये कुनै एकले मूल अन्तरर्विरोधको रूप लिएको हुन्छ र यसले गर्दा समाजमा देखिने अन्य अन्तरर्विरोधहरू सामान्य अर्थात् गौण भएर गएका हुन्छन् ।

नेपालमा आज देखापरेको वर्गस्थिति र यिनीहरूको पारस्परिक सम्बन्धलाई हेर्दा २००७ सालअघि रहेको मूल अन्तरविरोध नै आजको नेपालमा पनि देखिन्छ । २००७ सालको क्रान्तिले सामन्तवाद, विदेशी एकाधिकार पुँजीवाद तथा साम्राज्यवाद र आम जनसमुदायको अन्तरद्वन्द्वमा कुनै परिवर्तन ल्याउन सकेन । २००७ सालको क्रान्ति 'दिल्ली सम्झौता' को कारणले गर्दा असफल रह्यो । अतः नेपालको ऐतिहासिक स्थितिलाई हेर्दा आज पनि हाम्रो समाजको मूल अन्तरविरोध १) साम्राज्यवादको साथै भारतीय एकाधिकार पुँजीवाद र नेपाली जनताको बीच तथा २) सामन्तीशाही हुकुमी पञ्चायती व्यवस्था र अन्य तमाम जनवादी क्रान्तिपक्षीय जनसमुदायबीच गौण छ । आज यो मुख्य अन्तरविरोध शत्रुतापूर्ण र अन्य समस्त अन्तर्विरोधहरू गौण अर्थात् सामान्य भएर गएका छन् । प्रत्येक सामान्य अन्तर्विरोधको वर्गस्थितिअनुसार भिन्नभिन्न भूमिका हुनसक्छ । तर एउटै स्थितिमा र एउटै समयमा मुख्य र राणाशाही विरोधी जनसमुदायको अन्तर्विरोध मुख्य थियो र राजतन्त्र तथा जनताबीचको अन्तर्विरोध गौण अर्थात् सामान्य भएर गएको थियो । तर त्यसबेला पनि राजतन्त्रसित सामान्य अन्तर्विरोध थियो र साथै अन्य सामान्य अन्तर्विरोधहरू पनि थिए । २००७ सालको क्रान्तिपछि राजतन्त्र सामन्ती शोषक व्यवस्थाको पृष्ठपोषक राजतन्त्र र जनताबीचको अन्तर्विरोधले आज मुख्य अन्तर्विरोधको रूप लिएको छ । यसले गर्दा पुँजीवादी जनवादी पक्षमा उभिने नेपालको पुँजीपति वर्ग तथा अन्य निम्न पुँजीवादी वर्ग र मजदुर किसानबीचको अन्तर्विरोधहरू आज गौण अर्थात् सामान्य भएर गएका छन् ।

नेपाली जनताको मुख्य दुस्मन सामन्ती शाही हुकुमत र यसले ल्याएको सामन्ती पञ्चायती व्यवस्था, विदेशी एकाधिकार पुँजीवाद, खासगरी भारतीय एकाधिकार पुँजीवाद तथा साम्राज्यवादलाई ध्वंस गरी देशमा नयाँ जनवादी व्यवस्थाको स्थापनाद्वारा नयाँ तथा स्वतन्त्र नेपालको निर्माण गर्न क्रान्तिका मित्रशक्ति र विरोधी शक्तिको लेखाजोखा हुनु आवश्यक हुन्छ । यसका निम्ति मूल अन्तर्विरोध र सामान्य अन्तर्विरोधहरूको फरकको रेखा खिच्नु आवश्यक हुन्छ । यसैको आधारमा क्रान्तिका मित्र र विरोधी वर्गलाई छुट्ट्याउनु पर्दछ । अन्यथा नयाँ जनवादी क्रान्तिलाई नेपालको अर्धसामन्ती तथा अर्धऔपनिवेशिक स्थितिलाई खतम गरी नयाँ जनवादी नेपालको निर्माण हुन सक्दैन । हाम्रो समाजमा रहेका सामान्य अन्तर्विरोधहरू र मुख्य अन्तर्विरोधलाई राम्रोसित चिन्न सकेमा मात्र क्रान्तिका मित्र तथा विरोधी शक्तिलाई पनि चिन्न सकिन्छ । अनि क्रान्तिमा ती तमाम मित्र शक्तिहरूलाई सामेल गर्ने कार्यक्रम र कार्यनीति सञ्चालन गर्न सकिनेछ ।

हाम्रो क्रान्ति देशीय सामन्तवाद, साम्राज्यवाद तथा विदेशी पुँजीवादका विरुद्ध हुने भएकाले यो नयाँ किसिमको पुँजीवाद क्रान्तिको एक अङ्ग हुन्छ । यसले गर्दा हाम्रो क्रान्तिलाई समाजवादी राष्ट्रमण्डल र अन्तर्राष्ट्रिय समाजवादी मजदुर आन्दोलनको समर्थन प्राप्त हुनेछ । त्यसका साथै नवजात राष्ट्रहरूको जनवादी आन्दोलन र औपनिवेशिक देशका मुक्ति आन्दोलनहरूको पनि समर्थन प्राप्त हुनेछ ।

अतः नयाँ जनवादी क्रान्तिको सफलताका लागि हामीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा क्रान्तिका विरोधी तथा मित्र शक्तिको सही विश्लेषण नगरी क्रान्तिलाई सफल गर्न सकिन्न । क्रान्तिको लक्ष्य ठम्याई त्यसअनुरूपको कार्यक्रम प्रस्तुत गरेपछि आजको हाम्रो समाजमा देखा परेको उल्लिखित अन्तर्विरोधहरूको सही समझदारीका आधारमा त्यस कार्यक्रमको पक्ष र विपक्षमा ज्यानको बाजी लगाउने वर्गशक्तिहरूको सही लेखाजोखा हुनु अनिवार्य हुन्छ । यो वर्गविश्लेषण नै सामन्ती शाही हुकुमतको विरोधमा लड्ने व्यापक जनवादी मोर्चाको आधार पनि हुनेछ ।

**क) राष्ट्रिय क्षेत्रमा नयाँ जनवादी क्रान्तिका विरोधी शक्तिहरू**

**१ सामन्ती भूमिपति वर्ग** : नयाँ जनजादी क्रान्ति किसानलाई जमिनको मालिक बनाउने क्रान्ति भएको हुँदा जमिनको माध्यमद्वारा किसानको शोषण गर्ने सम्पूर्ण सामन्तहरू वर्गको हैसियतले यस क्रान्तिका मुख्य विरोधी हुनेछन् । नयाँ जनवादी क्रान्ति विरोधीको हातबाट राज्यसत्ता खोस्नका साथै उनीहरू राजनीतिक अधिकारबाट पनि वञ्चित हुँदा उनीहरू यस क्रान्तिका कट्टर दुस्मन हुनु स्वाभाविकै हो । हाम्रो देशमा सामन्ती वर्गको धेरै तह भए पनि यसलाई मुख्य रूपले दुई तहमा बाँड्न सकिन्छ : एक तह जमिनदेखि टाढा बसी कुनै प्रकारले पनि जमिनको हेरचाह नगरी केवल जमिनको आयस्ताबाट खाने र अर्को गाउँठाउँमा बसी जमिनको पनि हेरचाह गर्दै जमिन र त्यसको भरमा अन्य प्रकारका शोषणसमेत गरी आयस्ता खाने ।

पहिलो खालका सामन्तहरूमा पहिले र अहिलेका भाइभारदार, शाही गुरुपुरोहित, बाइसे तथा चौबिसे राजाका सन्तान आदि मुख्य रूपले आउँछन् । सामन्तको यो तप्का सबभन्दा धनी, पठित र अन्तर्राष्ट्रिय प्रतिक्रियावाद तथा साम्राज्यवादसँग सम्पर्क भएको हुँदा यो तह मुख्य रूपले नयाँ जनवादी क्रान्तिको विरोधमा राजालाई आड दिँदै आएको छ । राजधानीमा बस्ने र किसानको शोषण गर्नमा प्रत्यक्ष रूपले देखा नपर्ने हुँदा सामन्ती वर्गको यस तप्काको वर्गीय चरित्रप्रति राजनीतिकचेतनाको अभावले गर्दा किसान र अन्य जनतामा ठूलो भ्रम छ । क्रान्तिको विजयका लागि यो भ्रमलाई हटाउनु नितान्त आवश्यक छ ।

इलाकामा बसी जमिनको हेरचाह नगरी गरिब किसानको शोषण गर्ने सामन्तहरूले जमिनको आयस्ता खानुका साथै रुपैयाँपैसा ब्याजमा लगाई बेठबेगारी लिई जालीफट्याइँ काम गरी मुद्दा बोकी किसान जनताको शोषणमा प्रत्यक्ष रूपले हिस्सा लिने हुँदा सामन्ती वर्गको यो तप्का पनि नयाँ जनवादी क्रान्तिको ज्यानी दुस्मन हुनुका साथै शोषकका रूपमा देखालो भइसकेको छ । नयाँ जनवादी कार्यक्रमअनुसार धर्मका नाममा गरिने शोषण खारेज गरिने हुँदा पेसागत धर्माधिकारीहरू, जस्तै : गुरुपुरोहित, पुजारी भन्ते, सन्त, महन्थ, मुल्ला, मौलबी, पादरी आदि उच्चस्तरीय व्यक्तिहरू सामन्ती व्यवस्थाका दार्शनिक प्रतिनिधिका रूपमा देखा पर्दै आएका हुँदा क्रान्तिका विरोधी हुनेछन् । आजको सामन्ती व्यवस्थामा हिन्दु साम्प्रदायिक तत्वहरूको सबभन्दा बढी बोलवाला भएको हुँदा यसका धर्माधिकारीहरू क्रान्तिका विरुद्ध सबभन्दा अगाडि लाग्नेछन् ।



२) **साम्राज्यवाद तथा भारतीय एकाधिकार पुँजीवादपरस्त र जमिनसँग घनिष्ट सम्बन्ध भएका नेपाली पुँजीपतिहरू** : नेपालमा विदेशी पुँजीको लगानी उद्योगधन्दा, बन्दव्यापार, औद्योगिक कर्पोरेसन, आदिमा भएको हुँदा हाम्रो देशको पुँजीपति वर्गको एक तप्काको स्वार्थ विदेशी पुँजीसँग गाँसिएको छ । हाम्रो क्राान्तिको लक्ष्य सामन्तवादलाई विरोधी र विदेशी पुँजीवादविरोधी भएको हुँदा यो नयाँ जनवादी क्रान्तिको मित्र नभई विरोधी नै हुनेछ । भारतीय पुँजीवादपरस्त एक स्तर धेरै दशकदेखि नेपालमा भएको र पहिले पनि देशमा भारतीय पुँजीको लगानी नै सबभन्दा बढी भएको हुनाले भारतीय एकाधिकार पुँजीपरस्त नेपाली पुँजीपतिको तप्का क्रान्तिको विरोधमा खडा हुनेछ । फेरि नेपालका यी पुँजीपतिहरूको सम्बन्ध सामन्ती भूमि व्यवस्थासँग टुटिसकेको छैन । गत किसान आन्दोलनको दौरानमा भूमिसँग घनिष्ट सम्बन्ध भएका पुँजीपतिहरू विशेष रूपले आन्दोलनको विरुद्ध लाग्दै आएका छन् । अतः नेपालको पुँजीपति वर्गको यो तप्का क्रान्तिको विरुद्ध हुनेछ ।

**दस्तावेज**

आज हाम्रो देशको विभिन्न सेवामा काम गर्ने व्यक्तिहरूको सङ्ख्या लगभग एक लाख छ । यसमध्ये कतिपय उच्च ओहोदामा छन् र कतिपय विभिन्न राष्ट्रहरूका मिसनमा काम गर्दैछन् । यस्ता उच्चस्तरीय व्यक्तिहरू अधिकांशतः सामन्ती तथा पुँजीवादी घरानाका हुने हुँदा उनीहरूको दृष्टिकोण प्रतिक्रियावादी हुन्छ । फेरि आज उनीहरूलाई ठूलो सुविधा प्राप्त भएको र भ्रष्टाचारमा लागी प्रशस्त धन कमाउने मौका पनि प्राप्त भएको हुँदा त्यस्ता व्यक्तिहरू पनि क्रान्तिको विरोधमा लाग्नेछन् ।

**३– सामाजिक कुवेशनको एक स्तर**

देशको सामन्ती शोषणको लामो प्रक्रियाले सहर र गाउँ देहात दुवै ठाउँमा भीषण रूपले बेकारीको समस्या ल्यायो । बेकारमध्ये कतिपय प्रवासमा लागे पनि धेरैजसो देशमा नै रहे । तिनीहरूमध्ये एक स्तरलाई वैध उपायले काममामबाट वञ्चित गरिएको हुनाले तिनीहरू सामाजिक कुवेशनमा लाग्न बाध्य भए । त्यसको परिणामस्वरूप समाजमा चोर, डाँका, ठग, लुच्चा, हुल्याहा, मगन्ते, वेश्या आदि उत्पन्न भए । समाजमा देखिने यो स्तरको उक्त तप्कालाई प्रतिक्रियावादीहरूले सदैव क्रान्तिको विरोधमा प्रयोग गर्दै आएका छन् । आज यस्ता तत्वहरूलाई विशेष रूपले अमेरिकी साम्राज्यवादी सी.आई.ए.का मानिसहरूले क्रान्ति विरोधी कार्यमा सङ्गठित गर्दैछन् । तसर्थ कुवेशनमा लाग्नेमध्येको यस्तो स्तर क्रान्तिको विरोधमा जानसक्ने हुँदा यो स्तर पनि क्रान्तिको विरोधी हुनेछ ।

**ख) अन्तर्राष्ट्रिय क्षेत्रमा नयाँ जनवादी क्रान्तिका विरोधी शक्तिहरू**

१- नयाँ जनवादी क्रान्तिले साम्राज्यवाद तथा विदेशी पुँजीलाई प्रहार गर्ने हुँदा र नेपालमा उनीहरूको सामाजिक आधारलाई समाप्त गर्ने हुँदा साम्राज्यवाद तथा अन्तर्राष्ट्रिय पुँजीवाद हाम्रो क्रान्तिको ज्यानी दुस्मनका रूपमा देखा पर्नेछ । त्यसमध्ये भारतीय एकाधिकार पुँजीवादले नेपालको बन्दव्यापार तथा उद्योगहरूमा सबभन्दा धेरै पुँजी लगानी गरेको छ। २०११ सालसम्ममा खुलेका १३०० औद्योगिक संस्थानहरूमा सबभन्दा धेरै लगानी भारतीय एकाधिकार पुँजीको नै छ । फेरि अचेल उनीहरूले नेपाली साइनबोर्डका आधारमा बन्दव्यापार तथा उद्योगधन्दालाई कब्जा गर्न थालेका छन् । अतः अन्तर्राष्ट्रिय पुँजीवाद विशेषगरी भारतीय एकाधिकार पुँजी नेपाली क्रान्तिको सबभन्दा ठूलो विरोधी हुनेछ ।

२- अमेरिकी साम्राज्यवादले आज आर्थिक र सांस्कृतिक रूपले नेपालमा प्रवेश गरिरहेको छ । यो सक्रिय रूपमा राजनीतिक क्षेत्रमा पनि देखिन थालेको छ । यसले क्रमशः नेपालमा फौजी मिसन भित्र्याई नेपाललाई दक्षिणपूर्वी एसियामा एक महत्वपूर्ण कम्युनिस्टविरोधी अखडामा परिणत गर्ने उद्देश्य राखेको छ । अतः विश्व प्रतिक्रियावादका केन्द्रका रूपमा काम गरिरहेको अमेरिकी साम्राज्यवाद हाम्रो क्रान्तिको ठूलो दुस्मन हुनेछ ।

३- अङ्ग्रेजी साम्राज्यवादको प्रमुख स्वार्थ गोर्खा भर्ती भएको हुँदा र उसको पनि नेपाललाई कम्युनिस्टविरोधी अखडामा परिणत गर्ने नीति भएको हुँदा यो पनि हाम्रो क्रान्तिको विरोधी हुनेछ ।

४- आज मात्र होइन, राणाशाहीको पालादेखि नेपाल हिन्दु राज्य हुनुमा गौरव ठान्ने भारतीय हिन्दु साम्प्रदायिक तत्वहरूले नेपालको जनआन्दोलनको विरोध गर्दै आएका छन् । अहिले पञ्चायती व्यवस्थाका पक्षमा भारतमा जनमत तयार गर्नमा यस तत्वको पनि प्रमुख भूमिका छ । यस तत्वसित राजाको कस्तो सम्बन्ध रहेछ भन्ने कुरा उनीहरूको समारोहमा राजाद्वारा पठाइएको सन्देशले स्पष्ट गर्दछ । अतः भारतीय समाजको यो तप्का पनि हाम्रो क्रान्तिको विरोधमा हुनेछ ।

५- अफ्रो-एसियाली देशका प्रतिक्रियावादी शक्तिहरू पनि हाम्रो क्रान्तिको विरोधमा हुनेछन् ।

**(ग) राष्ट्रिय क्षेत्रमा नयाँ जनवादी क्रान्तिका शक्तिहरू**

**१– मजदुर वर्गको नेतृत्वदायी भूमिका** : "द्वितीय योजनाको अन्तिम वर्षमा विभिन्न विकास आयोजनमा काम गर्ने मजदुरको सङ्ख्या ५० हजार रहेको छ । तेस्रो योजनाको अन्त्यमा विकास कार्यका लागि करिब ३ देखि ४ लाख श्रमिक वर्ग चाहिएको अनुमान गरिएको छ ।" तेस्रो योजनाको भनाइअनुसार नेपालमा आधुनिक मजदुर वर्गको सङ्ख्या आज कम भए तापनि बढ्तो रफ्तारमा छ भन्ने कुरा सिद्ध हुन्छ । यसको साथै सहर तथा गाउँ देहातमा ज्यालामा काम गर्ने ज्यामीहरूको सङ्ख्या पनि कम छैन ।

मजदुर वर्गको सम्बन्धमा उन्नत उत्पादन व्यवस्थासँग भएको तर उत्पादनको साधनको मालिक नभएको हुनाले यो वर्गमा अनुशासन र सङ्गठनको भावना कुटकुट भरिएको हुन्छ । किसानको सङ्ख्याको तुलनामा यसको सङ्ख्या कम हुनु, पुँजीवादी देशको मजदुर वर्गको तुलनामा यसको सांस्कृतिक स्तर कम हुनु हाम्रो मजदुर वर्गमा देखा परेका कमजोरीहरू हुन् । नेपालको मजदुर वर्गमा यी कमजोरीहरू भए पनि नेपालको ऐतिहासिक स्थिति अर्थात् अर्धसामन्ती समाजको स्वरूपले गर्दा यस वर्गमा साधारण रूपमा पाइने मजदुर वर्गको गुणको साथै अन्य विशेष गुणहरू निहित छन् ।

नेपालको मजदुर वर्ग सामन्ती पुँजीवादी तथा साम्राज्यवादी शोषणले पीडित भएको हुँदा अन्य सबै वर्गहरूभन्दा यो वर्ग सबभन्दा दृढ र क्रान्तिकारी छ । नेपालमा आधुनिक मजदुर वर्गको प्रादुर्भाव हुनुका साथै उसको पार्टी नेपाल कम्युनिस्ट पार्टीको पनि गठन भयो र यसले पनि नेपालको राजनीतिमा महत्वपूर्ण स्थान प्राप्त भगरिसकेको छ ।

फेरि हाम्रा मजदुरहरू विशेषगरी सुकुमबासी गरिब किसानबाट आएका हुनाले मजदुर किसान एकतालाई सुगम गर्दछ । तसर्थ यसै वर्गको काँधमा इतिहासले नयाँ जनवादी क्रान्ति गर्ने अभिभारा दिएको छ ।

२. **सुकुमबासी गरिब तथा मध्यम किसान हाम्रो क्रान्तिको मुख्य शक्ति र धनी किसान सहायक शक्ति हुन्** : हाम्रो देशमा जनसङ्ख्याको लगभग ९५ प्रतिशत किसान छन् । आजको अर्ध सामन्ती आर्थिक व्यवस्थाको मुख्य जग नै यिनै किसान हुन् । किसान भन्नाले खेती तथा कृषिमा आश्रित व्यक्ति नभइ जनताको त्यो समुदाय हो जसले खेती तथा कृषिको उत्पादनमा प्रत्यक्ष रूपले भाग लिन्छ । आज यस किसान समुदायमा मौलिक स्वरूपले भिन्नताको प्रक्रिया चलिरहेको छ । यसको मापदण्ड उत्पादन व्यवस्थामा उनीहरूको स्थान हो । यसै स्थान अनुसार उनीहरूको चेतनाको विकास हुने हुँदा नयाँ जनवादी क्रान्तिमा उनीहरूको भूमिका एकनासको नभै भिन्नभिन्न हुन्छ । यस अनुसार आज हाम्रो देशको किसान समुदाय सुकुमबासी, गरिब, मध्यम तथा धनी किसानमा विभक्त भएका छन् ।

किसान भन्नाले विशेषगरी सुकुमबासी, गोठाला, गरिब, तथा मध्यम किसानलाई सम्झनुपर्दछ । हाम्रो देशको एक करोड जनसङ्ख्यामा उनीहरूको सङ्ख्या कूल मिलाउँदा ९५ लाख भन्दा बढी हुन आउँछ । समाजको सम्पूर्ण बोध आज यसै वर्गको काँधमा भएको हुँदा हाम्रो क्रान्तिको मुख्य समस्या यिनीहरूकै समस्या हो ।

अ- गरिब तथा सुकुमबासी किसान मजदुर वर्गको सबभन्दा भरपर्दो स्वाभाविक मित्र शक्ति हो । यो झन्डै २० लाखभन्दा बढी छ । गाउँ देहातको अर्धसर्वहारा वर्ग यही हो । यो वर्ग जनवादी क्रान्तिको मुख्य दस्ता हो र चरित्रको दृष्टिकोणले पनि मजदुर वर्गको सबभन्दा भरपर्दो सहयोगी हो । यसै वर्गमा गोठाला काम गर्ने गोठाला र गाउँ बजारमा काम गर्ने हरूवा-चरुवा तथा गोठालाहरू पनि समावेश हुन्छन् । यस तप्काका किसान अन्य गुणको साथै दुई विशेष प्रकारका गुणहरू विद्यमान छन् ।

प्रथमतः कबिला समाजबाट आएका हुनाले उनीहरूमा स्वभावतः जनवादी भावना हुन्छ । अर्को विशेषगरी यसै तप्काबाट विदेशमा भर्ती भै देश विदेश खाई शेष भएका हुनाले उनीहरूको दृष्टिकोण सङ्कुचित नभै व्यापक हुन्छ । यी दुवै गुणहरू जनवादी क्रान्तिको निम्ति विशेष रूपले उपयोगी हुन्छन् । यस तप्काका महिला किसानहरूमा सामाजिक बन्धन अति कम हुने हुनाले उनीहरू पनि आन्दोलनमा विशेष रूपले हिस्सा लिन्छन् ।

आ- मध्यम वर्गीय किसान पनि क्रान्तिको भरपर्दो शक्ति : हाम्रो देशमा मध्यम वर्गीय किसानको सङ्ख्या लगभग २५ लाख छ । यसले सामान्य रूपमा अन्य किसानको शोषण गर्दैन । आफ्नो परिवार तथा पाखुरे बलका आधारमा खेतीपाती गर्दछ । सुखा परेमा उनीहरूको स्थिति खराब हुन्छ । वृष्टि भएमा दिन राम्रैसँग कट्छ । यसो भए तापनि सामन्तवाद, पुँजीवाद तथा साम्राज्यवादको शोषण तथा मारले गर्दा यो वर्ग नित्य पीडित नै रहन्छ । आजको पञ्चायती व्यवस्थामा पनि यो वर्गलाई कुनै विशेष सुविधा प्राप्त छैन । आर्थिक तथा राजनीतिक दुवै दृष्टिकोणले यो वर्ग शोषित छ । यो नयाँ जनवादी क्रान्तिको पक्षमा मात्र नभै दुवै दृष्टिकोणले यो वर्ग शोषित छ । यो नयाँ जनवादी क्रान्तिको पक्षमा मात्र नभै समाजवादलाई पनि अङ्गिकार गर्न तयार हुन्छ । अतः यो पनि मजदुर वर्गको भरपर्दो सहयोगी हो ।

इ- दोहोरो चरित्रका बाबजुद धनी किसान जनवादी क्रान्तिको मित्रशक्ति : हाम्रो देशमा धनी किसानको सङ्ख्या कुल आजादीको ३ प्रतिशत अर्थात् तीन लाखभन्दा केही बढी छ । यो नै कृषिको पुँजीपति हो । यस वर्गमा दोहोरो चरित्र पाइन्छ । उनीहरूमध्ये एकथरी सामान्य किसानसरह नै आफ्नो परिवारमार्फत खेतीपाती गर्दछन् । यस मानेमा उनीहरू किसानसरह नै हुन्छन् । अर्काथरी आफ्नो जमिन लगानमा दिन्छन्, खेतालाको शोषण गर्दछन् र ब्याजमा लगानी पनि गर्दछन् । यस मानेमा उनीहरू अर्धसामन्ती वर्गका रूपमा देखा पर्दछन् । यस्तो किसानको सङ्ख्या पहाडभन्दा तराईमा बढ्ता पाइन्छ ।

आज हाम्रो देशमा राजाले लागु गरिरहेको भूमिसुधारबाट विशेष फाइदा धनी किसान वर्गलाई प्राप्त भएको छ । हाम्रो क्रान्तिको लक्ष्य पुँजीवादी सम्पत्तिलाई समाप्त गर्ने नभएको र नयाँ जनवादी समाजमा पनि धनी किसानको व्यवस्थाको रक्षा गरिने हुनाले साम्राज्यवाद तथा विदेशी पुँजीवाद विरोधी सङ्घर्षमा यो वर्ग सहयोगी हुन र कृषि क्रान्तिमा तटस्थ भएर बस्न सक्छ ।

हामीले भरसक यो वर्गलाई क्रान्तिको पक्षमा ल्याउने प्रयत्न गर्ने नीति लिनु पर्दछ । त्यसो नभएमा यस वर्गलाई तटस्थ गराउने कोशिस गर्नुपर्दछ । यस वर्गलाई सहुलियत प्रदान गरी आफ्नो पक्षमा तान्न सामन्त वर्गको कोशिस भएको हुँदा यस वर्गप्रति हाम्रो नीति ज्यादै तौलिएको हुनुपर्दछ, अन्यथा हाम्रो जनवादी क्रान्तिलाई ठूलो नोक्सान पुग्नेछ ।

३– **सहरबजारका मध्यम तथा न्यून मध्यम वर्ग जनवादी क्रान्तिका मुख्य सहायक शक्तिहरू** : सहरबजारका मध्यम तथा न्यून मध्यम वर्गका शिक्षित समुदाय, खुद्रा व्यापारी, दस्तकार, कालीगढ, सेवामा लागेका न्यून वैतनिक कर्मचारी तथा कुवेशनमा लाग्न वाध्य भएका व्यक्तिहरू

... बाँकी पृष्ठ ७ मा

# चीन र म्यानमार : मित्र र छिमेकी

हउ रुइली

चीन र म्यानमार जोडिएको २१०० किलोमिटरको अप्ठ्यारो सिमानामा बसोबास गरिरहेका जनताले दुई देशबीचको सम्बन्धलाई बलियो बनाएका छन् । तिनीहरू व्यापारबाहेक वैवाहिक सम्बन्धमा पनि बाँधिएका छन् । दाजुबहिनीसरि मिलेर बसेका छन् । तिनीहरू मित्र र नातेदार मात्र बनेका छैनन्, एउटै मन्त्र उच्चारण गर्दै गौतम बुद्धलाई सँगै पुज्ने गर्छन् । चाखलाग्दो कुरा त के छ भने सीमा क्षेत्रमा रहेका गाउँमा बस्ने मानिसहरू आधा चिनियाँ र आधा म्यानमारी छन् । उदाहरणका लागि यिनजिन (थ्लवष्ल) गाउँमा एउटा इनार छ जहाँ दुवै देशका मानिसहरू पानी लिन आउँछन् तर एकआपसमा कहिल्यै विदेशीको रूपमा व्यवहार गर्दैनन् बरु साथीजस्तै ठान्छन् ।

युन्नान प्रान्त, रुइली सहरको थुनहोङ फेरीमा स्थानीय 'ताइ परिवार' को बारीमा सीमास्तम्भ निर्माण गर्दा "एक परिवार, दुई देश" को अनौठो अवस्था सिर्जना भएको थियो । चीन-म्यानमार सम्बन्धको इतिहास हेर्ने हो भने अहिलेको गतिविधिले यो विचारलाई दुई देशसम्म व्यापक फैलाएको देखाउँछ ।

**प्राचीन सम्बन्ध**

हाल सुको भूगोलमा लेखिएको एक आलेखका अनुसार हान साम्राज्यको इतिहास सिचुवान र हुपेईजस्ता चीनको भित्री प्रदेशबाट व्यापारीहरूले भारत र म्यानमारसँग सिचुवान र युनान जोड्ने बाटो खोलेपछि चीन-म्यानमारको सम्बन्ध सुरु भएको थियो । म्यानमारीहरू यसलाई 'स्वर्ग र चाँदी मार्ग' भन्छन् । भारत, म्यानमार र अफगानिस्तानजस्ता मुलुकमा यही मार्ग भएर चिनियाँहरू रमी फेब्रिक, रेसम र चिनियाँ माटोका भाँडा व्यापार गर्थे ।

पूर्वी हान साम्राज्यको (२५-२२० ई.पू.) को समयदेखि नै म्यानमारका विभिन्न कबिलाका राजा चीनमा पटकपटक दूत पठाउँथे । युआन (१२७१-१३६८), मिङ (१३६८-१६४४) र छिङ (१६४४-१९११) साम्राज्यको समयमा परस्पर दूतहरू प्रायः आदानप्रदान हुन्थे । २ हजार वर्षदेखि विकास भएको प्रगाढ मैत्रीपूर्ण सम्बन्धले म्यानमारीहरूले चिनियाँहरूलाई आफ्नै मित्र र नजिकको नातेदारका रूपमा लिएका छन् । आधुनिक समयमा चीन र म्यानमारका जनताले राष्ट्रिय स्वतन्त्रताका लागि भएको लडाइँमा एकआपसमा सहयोग गरेका थिए । सन् १८८५ मा ब्रिटिस साम्राज्यले तेस्रो अङ्ग्रेज म्यानमार युद्धताका म्यानमारको अन्तिम शाही राजधानी 'मानडेले' कब्जा गरेका थिए । राजा थिबव मिनलाई देशनिकाला गरियो र भारतको एक प्रान्तका रूपमा म्यानमार ब्रिटिस शासनअन्तर्गत गयो । मेलेमा राजदरबार कब्जा गरिसकेपछि राजा थिबवका नातीले तुरुन्तै ब्रिटिस आक्रमणका विरुद्ध आफ्ना नागरिकलाई युद्धमा उतार्‍यो । यद्यपि ४ वर्षको लामो प्रतिरोधपछि पनि उनी असफल भए । बाँकी सेनासँगै चीनमा शरण लिए जहाँ उनले चिनियाँ जनताबाट सहयोग पाए । ८० वर्षभन्दा बढी बाँचेका युद्धका नायकले आफ्नो मृत्युपछि शवलाई चीनमै गाड्ने इच्छा व्यक्त गरे । उसको चिहान अहिले चीनको युन्नान प्रान्तको दहोङ ताई र चिङ पो स्वायत्त जिल्लाको याङ्सीमा छ ।

दोस्रो विश्वयुद्धको समयमा आफ्नो जीवन दाउमा राखी चीन र म्यानमारका जनता मिलेर तियनमियन राजमार्ग निर्माण गरेका थिए । जापानी आक्रमणविरुद्धको युद्धमा यो सडकलाई जीवनरेखाका रूपमा व्याख्या गरिएको थियो । अन्तर ाष्ट्रिय सहयोगलाई यही मार्गबाट युद्धरत क्षेत्रमा ढुवानी गरेर ठूलो सहयोग गरिन्थ्यो ।

सन् १९४२ जनवरीमा जापानी आक्रमणकारीले तियनमिङ राजमार्गलाई ध्वस्त पार्न म्यानमारमा हमला गरेका थिए । एक लाख चिनियाँ सेना जापानी आक्रमणविरुद्ध म्यानमारमा रक्तपातपूर्ण युद्धमा सामेल भएका थिए । उक्त युद्धमा साहदत प्राप्त गरेका ६० हजार सहिदलाई म्यानमारमै गाडिएको थियो ।

पश्चिमी युन्नान र म्यानमारको जापानविरुद्धको युद्धमा चीन र म्यानमारका जनता संयुक्त सेनासँग मिलेर जापानी आक्रमणकारीविरुद्ध लडेका थिए र अन्ततः जापानीलाई म्यानमारबाट भगाएर विजय प्राप्त गरेका थिए ।

**चीन-म्यानमार सम्बन्धका लागि ठोस आधार**

सन् १९५० जून ८ मा चीन र म्यानमारबीच औपचारिक रूपमा कूटनीतिक सम्बन्ध स्थापित भएको थियो । सन् १९५० मा दुई देशले शान्तिपूर्ण सहअस्तित्वको पाँच सिद्धान्तलाई मानेका थिए । अरू मुलुकका निम्ति पनि सीमा मुद्दाको समाधानका लागि उदाहरणीय बन्दै परस्पर समभ्रुदारी र मैत्रीपूर्ण सहयोग सिद्धान्तका आधारमा सन् १९६० ताका दुवै पक्ष ऐतिहासिक सीमा मुद्दा सल्ट्याउन सफल भएका थिए । लामो समयसम्म चीन र म्यानमार असल छिमेकी र मैत्री सम्बन्ध, स्थिर विकासलाई ध्यानमा राखेर द्विपक्षीय सम्बन्धका साथ अन्तर्राष्ट्रिय र क्षेत्रीय मामलामा एकनासको सहयोग कायम गरिरहेको छ ।

चीन र म्यानमारका नेताहरूबीच हुने भ्रमण आदानप्रदान कायमै छ । चीन-म्यानमारको मित्रताको विशेषताालाई कायम राख्दै प्रधानमन्त्री चाउ एन लाईले म्यानमारको भ्रमण ९ पटक गरेका थिए भने उ नी वीन (म्यानमारका तत्कालीन प्रम. सं.) ले १२ पटक चीनको भ्रमण गरेका थिए ।

सुधार र खुलापन लागू भएदेखि चीन र म्यानमारबीच राजनीति, अर्थतन्त्र, संस्कृति, धर्म, लागूपदार्थविरुद्धको अभियानजस्ता क्षेत्रमा उच्च तहको सर्वपक्षीय आदानप्रदान र सहयोग भइरहेको छ ।

सन् १९८० अप्रिलमा रेल र सडकमार्ग भएको दक्षिणपूर्वी एसियाको सबैभन्दा ठूलो थानलिन पुल निर्माणमा सहयोग गर्न चीन सरकार तयार भएको थियो । ७ वर्षको निर्माणपछि सन् १९९३ मा यातायातका लागि खुला गरिएको थियो । चीन-म्यानमारको इतिहासमा यो परियोजनालाई कोसेढुङ्गाका रूपमा लिइएको थियो ।

सन् २००१ डिसेम्बरमा चिनियाँ राष्ट्रपति चियाङ चमिनले म्यानमारको राजकीय भ्रमण गरेका थिए । यस अवसरलाई उच्च तहको चिनियाँ




नेताको पहिलो म्यानमार भ्रमणका रूपमा उल्लेख गरिएको थियो । दुवै पक्षले कृषि, मानव संसाधन, स्रोत विकासलाई सहयोग क्षेत्रका रूपमा छुट्याएको र सान्दर्भिक सहयोग सम्झौतामा हस्ताक्षर गरेका थिए । नयाँ शताब्दीमा चीन र म्यानमारबीचको परस्परागत सम्बन्ध र मित्रतालाई यस भ्रमणले अझ बलियो र अग्रगामी बनाएको छ ।

सन् २०११ मा चीन र म्यानमारले विस्तृत रणनीतिक सहयोग साझेदारी स्थापना गरे । दुवै पक्ष संयुक्त विज्ञप्तिमा चरणबद्ध सम्झौतामा पुगेका छन् । दुवै पक्षले उच्च तहको सम्पर्कलाई कायम राख्नेछ, रणनीतिक परस्पर विश्वासलाई प्रवर्द्धन गर्नेछ, अन्तर ाष्ट्रिय र क्षेत्रीय मुद्दामाथि विचार आदानप्रदान गर्नेछ, आर्थिक सहयोगको दरलाई बढाउने र विभिन्न क्षेत्रमा मैत्रीपूर्ण सहयोग गर्नेछ ।

सन् २०१३ अप्रिलमा म्यानमारी राष्ट्रपति उ थान सेनले चीनको राजकीय भ्रमणको समयमा बोआओ फोरममा भाग लिएका थिए । उ थानले प्रधानमन्त्रीका रूपमा ४ वर्षअघि गरेको चीनको भ्रमणसँग तुलना गर्दा अहिले राष्ट्रपतिका रूपमा गरेको भ्रमण धेरै अर्थपूर्ण थियो । त्यस समयमा म्यानमार पश्चिमेली नाकाबन्दी सामना गरिरहेको थियो तर अहिले विभिन्न क्षेत्रमा सुधारका गतिविधि भएका छन् ।

एसियाका लागि बोआओ फोरमको समयमा पुरानो मित्रता घोषणा गर्दै संयुक्त वक्तव्य जारी गरियो । कूटनीतिक सम्बन्ध स्थापना भएदेखि दुई देशका जनताको हित हुने गरी चीन र म्यानमारले परस्पर सम्मान र समानताका आधारमा द्विपक्षीय सम्बन्धको विकास प्रवर्द्धन गरेका छन् ।

म्यानमारमा अवस्थित एनजीओ 'मिन्गलर' का डा. फोन विनका अनुसार राष्ट्रपति उ थानको बारम्बारको चीन भ्रमणले चीन-म्यानमार सम्बन्धको महत्व दर्साउँछ । हालसालै म्यानमारले छिमेकी राष्ट्र र ठूला राष्ट्रसँग सम्बन्धलाई विकास गर्न स्वतन्त्र र सन्तुलित विदेश नीति कार्यान्वयन गरिरहेका छन् । चीन ठूलो र छिमेकी दुवै हो । त्यसैले चीन-म्यानमार सम्बन्धलाई विकास गर्न म्यानमारका लागि आवश्यकता प्रस्ट छ । चीनले तीन दशक लामो सुधार र खुला नीतिको प्रतिफल प्राप्त गर्दैछ जसले चीनले लिँदै आएको नीति ठीक रहेको देखाउँछ । चीनबाट सिक्नकै लागि उ थान पटकपटक चीन भ्रमण गर्छन् । दुर्गम ठाउँको अवस्थामा सुधार ल्याउनका निम्ति म्यानमारले काम गरिरहेको छ र यस मामिलामा चीनसँग ठूलो अनुभव छ ।

**व्यापार र आर्थिक सहयोगबाट परस्पर हित**

आज चीन म्यानमारको ठूलो व्यापार साझेदार हो । चीनको वाणिज्य मन्त्रालयको तथ्याङ्कअनुसार सन् २०१३ को पहिलो ६ महिनामा चीन र म्यानमारको व्यापार ४ दशमलव ३८ अरब अमेरिकी डलर पुगेको छ जुन २५ दशमलव ९ प्रतिशत वार्षिक वृद्धि हो ।

डा. विनका अनुसार अर्थशास्त्रको हिसाबले चीन म्यानमारका लागि छुट्ट्याउनै नसकिने बजार हो । चीनमा म्यानमारको निर्यात भनेको काठ र कृषि उत्पादन नै प्रमुख छ । उनी आशावादी छन्, 'म्यानमार उत्पादन क्षमतालाई बढाउन सक्छ र भविष्यमा अतिरिक्त मूल्यका साथ निर्यातलाई बढाउन सक्छ ।' लगानीको सन्दर्भमा चीन म्यानमारको सबभन्दा ठूलो लगानीकर्ता भएको छ । हालै मात्र चीनले वैदेशिक मुद्राको ठूलो सञ्चिती गरेको छ जब कि म्यानमारलाई पूर्वाधार निर्माणका लागि पुँजीको अभाव छ । त्यसैले आर्थिक शक्ति चिनियाँ उद्यमीले म्यानमारमा यातायात, ऊर्जा र जलविद्युत् विकासका क्षेत्रमा लगानी गर्ने हो भने दुवै पक्षको हित हुनेछ ।

चीन र म्यानमारबीच हस्ताक्षर भएका आर्थिक सम्झौताको सङ्ख्या बढिरहेको छ । सन् १९७१ मा दुई देशबीच अति सौविध्य प्राप्त राष्ट्रसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको थियो । सन् १९९४ मा सीमा व्यापारमाथि समझदारीपत्रमा दुई देशले हस्ताक्षर गरेका थिए । सन. १९९७ मा आर्थिक, व्यापारिक र प्राविधिक संयुक्त कार्यदल स्थापनामा सम्झौता भएको थियो र सन् २००१ मा दुई मुलुकका सरकारले लगानी उत्प्रेरणा, प्रवर्द्धन र संरक्षण सम्झौतामा हस्ताक्षर गर्‍यो ।

सन् २०११ मा विस्तृत रणनीतिक साझेदारीको स्थापनासँगै आर्थिक र प्रविधि सहयोग, प्राथमिकता ऋण र पूर्वाधार निर्माणजस्ता क्षेत्रमा दुई देशबीच धेरै सम्झौतामा हस्ताक्षर भएको छ ।

हालसालैको वर्षमा अति उच्च प्रविधि र उपकरण प्रदान गरेर म्यानमारको आर्थिक निर्माणमा चिनियाँ कम्पनी सक्रिय भएर लागिरहेका छन् । डिजेल इन्जिन प्लान्ट, टायर उद्योग, कपडा उद्योगजस्ता परियोजनाले प्रतिफल दिन सुरु गरेका छन् । चिनियाँ कम्पनी संलग्न भएका म्यानमारका जलविद्युत् परियोजनाले ऊर्जा अभावलाई सजिलो बनाएको छ । इरावती नदीमाथि बनेको पुलले स्थानीय यातायातलाई सहयोग पुर्‍याएको छ र स्थानीय आर्थिक व्यापारलाई माथि उठाएको छ ।

म्यानमारमा लगानीको प्रक्रियामा चिनियाँ पक्षले व्यापारिक सामाजिक उत्तरदायित्व र वातावरणीय संरक्षणलाई विशेष ध्यान दिएको छ ।

चीन-म्यानमार तेल र प्राकृतिक ग्यास पाइपलाइन सुरु भएको ठाउँ क्याउकफ्युमा परियोजनामा जिम्मेवार चीन राष्ट्रिय आयल निगमले ६ लाख ५० हजार क्युबिक मिटर क्षमताको भण्डारण निर्माण गरेको छ र नजिकैका तीनवटा गाउँमा पानीको आपूर्ति भएको छ । यसैबीच चीन राष्ट्रिय आयल निगमले पाइपलाइन बिछ्याएको ठाउँमा दुईटा माध्यमिक विद्यालय र ६ वटा प्राथमिक विद्यालय स्थापना गर्न १३ लाख डलर चन्दा प्रदान गरेको छ । यसका अतिरिक्त चीन राष्ट्रिय आयल निगमले स्थानीय अस्पतालको स्तरोन्नतिका लागि ६० लाख डलर लगानी गरेको छ ।

मिस्टोन ड्याम परियोजनाका लागि 'चीन ऊर्जा लगानी निगम' जिम्मेवार छ । कुल २ करोड ५० लाख डलरमध्ये १ करोड ८० लाख डलर स्थानीय बासिन्दालाई पुनर्वासका लागि खर्च गरियो । चीन ऊर्जा लगानी निगमअन्तर्गत निर्माण भएको पुनर्वास गाउँमध्ये एक आङ मिन थार स्थानीय दुर्गम क्षेत्रमा एउटा सफल उदाहरण भएको छ जहाँ विद्यालय, मन्दिर, चर्च र अस्पताल निर्माण भएको छ । म्यानमार सरकारको आवश्यकताअनुसार चीन ऊर्जा लगानी निगमले विश्व बैङ्क र एसियाली बैङ्कको प्रारम्भिक वातावरणीय मूल्याङ्कनलाई अवलम्बन गरेको छ र पर्यावरणीय र प्राकृतिक संरक्षण सङ्घको विश्वास लिएको छ । याङ्सी नदी डिजाइन कम्पनीले मिस्टोन ड्याममा वातावरणीय मूल्याङ्कन गरेको छ । चीन र म्यानमारका एक सयभन्दा बढी विज्ञ सामेल भएका टोली नदीकिनार क्षेत्रको वातावरणमा परियोजनाको असरलाई मूल्याङ्कन गर्ने काम गरेर परियोजना उपयुक्त भएको निष्कर्षमा पुगे ।

वास्तवमा पाइपलाइनको प्रक्रियामा वातावरणीय संरक्षण सुनिश्चित गर्न विज्ञ पर्यवेक्षकलाई बोलाइएको थियो । कच्चा तेल बन्दरगाह निर्माणको समयमा चीन राष्ट्रिय आयल निगमले नियम कडाइका साथ पालना गरेको थियो । ती क्षेत्रमा ढुङ्गा, माटो र रूख मात्र प्राप्त गर्न सक्छ । इरावती नदी किनारामा तागाङ ताउ निकेल खानीको निर्माण गर्दा चिनियाँ कम्पनीले उच्चस्तरको धुलो सङ्कलन प्रविधि जडान गर्न २४ करोड चिनियाँ मुद्रा लगानी गरेको थियो ।

**सम्पन्न सांस्कृतिक आदानप्रदान**

ऐतिहासिक अभिलेखका अनुसार चीन र म्यानमारबीच सांस्कृतिक आदानप्रदान हान साम्राज्यको पालादेखि नै भएको देखिन्छ । थाङ साम्राज्यको समयमा प्यु राज्यका राजकुमारले सङ्गीत समूहको नेतृत्व गर्दै चीनको प्राचीन राजधानी छाङआनको भ्रमण गरेका थिए ।

कूटनीतिक सम्बन्ध स्थापना भएदेखि सांस्कृतिक आदानप्रदान निकैपटक भएको छ । सन् १९६० मा चिनियाँ राष्ट्रिय दिवसमा म्यानमारका तत्कालीन प्रधानमन्त्री उ नुले सांस्कृतिक, कला, सिनेमा क्षेत्रबाट प्रतिनिधित्व गरेका ४०० भन्दा बढी सदस्यसहितको टोलीलाई नेतृत्व गर्दै चीन भ्रमण गरेका थिए र पेइचिङमा म्यानमार सांस्कृतिक सप्ताहान्त मनाएका थिए । त्यसको प्रत्युत्तरमा सन् १९६१ जनवरीमा म्यानमार स्वतन्त्रता दिवसका अवसरमा संस्कृति, कला, सिनेमा क्षेत्रका ५३० भन्दा बढी सदस्यसहितको सांस्कृतिक टोलीलाई नेतृत्व गर्दै चिनियाँ प्रधानमन्त्री चाउ एन लाईले म्यानमारको भ्रमण गरेका थिए र याङ्उनमा चिनियाँ सांस्कृतिक सप्ताह मनाएका थिए । सन् १९८० देखि दुई राष्ट्रबीच १३ पटक मन्त्रीस्तरीय भ्रमणसहित पटकपटक उच्च तहको भ्रमण आदानप्रदान भएका छन् । सन् १९९६ जनवरीमा चीन र म्यानमारका संस्कृतिमन्त्रीले सांस्कृतिक सहयोग सम्झौतामा हस्ताक्षर गरेका थिए ।

चीन-म्यानमार सम्बन्ध प्रगाढ हुँदै जाँदा दुई मुलुक कला, साहित्य, सिनेमा, पत्रकारिता, शिक्षा, धर्म, पुरातात्विक र पुस्तक प्रकाशनमा घनिष्ठ सहयोग र आदानप्रदानमा वृद्धि भएको स्पष्ट देखिन्छ । तथ्याङ्कले देखाउँछ, कूटनीतिक सम्बन्ध स्थापना भएदेखि दुई देशबीचको भ्रमण आदानप्रदानको सङ्ख्या ६ सय नाघेको छ । सार्वजनिक प्रदर्शनीका लागि बुद्धको दन्त, चीनको राष्ट्रिय सांस्कृतिक टोली म्यानमारमा ४ पटक पठाइसकेको छ र म्यानमारको सरकार र समाजबाट न्यानो अभिवादन प्राप्त भएको छ । सांस्कृतिक सम्बन्धको सूची बढ्दै जाँदा सन् १९९८ देखि म्यानमार कला समूहले चिनियाँ सांस्कृतिक मन्त्रालयले आयोजना गरेको एसियाली कला उत्सवमा नियमित रूपले प्रदर्शन गरिरहेको छ । सन् २००४ मा शैक्षिक सहयोग समझदारीपत्रमा चीन र म्यानमारले हस्ताक्षर गरेका थिए । सन् २००५ जुनमा यान्गुनमा चिनियाँ सांस्कृतिक सप्ताह सफलतापूर्वक सम्पन्न भयो । सन् २०११ र २०१२ मा चिनियाँ अपाङ्ग जनप्रदर्शन कला समूह र कलाबाजी समूहले म्यानमारमा प्रतिभा मञ्चन गरेका थिए र सन् २०१२ मेमा चीन-म्यानमार मित्रतालाई संस्थागत गर्ने प्रयासस्वरूप पहिलो चीन-म्यानमार भाइचारा मित्रता क्रियाकलापको अन्तर्राष्ट्रिय आदानप्रदानका लागि चीन गैरसरकारी सङ्घ, विकास र शान्तिका लागि चिनियाँ कोषद्वारा संयुक्त रूपमा आयोजना गर्‍यो ।

डा. विनका अनुसार म्यानमारी जनता पश्चिमेली राष्ट्रले अपनाएको केही अवधारणा स्वीकार्न सक्दैनन् किनभने म्यानमारमा बुद्धको दर्शनले जरो गाडेर बसेको छ । यो सन्दर्भमा पश्चिमेलीभन्दा चीन निपुण देखिन्छ । त्यसैले दुई देशको साझा सांस्कृतिक मूल्य र मान्यतासँगै सहयोगलाई सफतापूर्वक बढाउँदै लानेमा कुनै शङ्का छैन ।

सन् २००५ जुनमा यान्गुनमा चिनियाँ सांस्कृतिक सप्ताह सफलतापूर्वक सम्पन्न भयो । सन् २०११ र २०१२ मा चिनियाँ अपाङ्ग जनप्रदर्शन कला समूह र कलाबाजी समूहले म्यानमारमा प्रतिभा मञ्चन गरेका थिए र सन् २०१२ मेमा चीन-म्यानमार मित्रतालाई संस्थागत गर्ने प्रयासस्वरूप पहिलो चीन-म्यानमार भाइचारा मित्रता क्रियाकलापको अन्तर्राष्ट्रिय आदानप्रदानका लागि चीन गैरसरकारी सङ्घ, विकास र शान्तिका लागि चिनियाँ कोषद्वारा संयुक्त रूपमा आयोजना गर्‍यो ।

China and Myanmar : Friends and Neighbours
CHINA TODAY
Vol.63, no.4, April 2014



अनिल शर्मा

# ‘दुखेको देश’मा अरुन्धती राय

**(भाजपा नेता परेश रावलले जेठको तेस्रो सातातिर सामाजिक सञ्जालमा ‘सेनाको बाहनमा आन्दोलनकारीलाई बाँध्नुको साटो अरुन्धतीलाई बाँधे हुन्छ’ भनेर लेखे । कास्मिरमा बन्दीहरू बोकेर हिँडेको सेनाको बाहनमा आन्दोलनकारीले ढुङ्गा हान्न थालेपछि सेनाले अघिल्लो भागमा पक्रिएकालाई नै बाँधिदिन थाल्यो ताकि आन्दोलनकारीबाट ढुङ्गा नबर्सियोस् । भारतीय लेखिका अरुन्धतीलाई नै त्यसरी सेनाको बाहनमा बाँधिदिए आन्दोलनकारीले ढुङ्गाले हान्न सक्दैनथे किनभने कास्मिरको स्वतन्त्रताका पक्षमा वकालत गर्ने बुद्धिजीवीमध्ये राय अग्रपङ्क्तिमा छिन् । आज भारतको बौद्धिक जगत्मा हरेक दिन रायको समर्थन वा विरोधमा हङ्गामा भइरहन्छ । उनी अमेरिकालाई युद्धपिपासु भन्छिन् । अमेरिका र बेलायतको हस्तक्षेपकारी भूमिकालाई उनी गुन्डागर्दी भन्छिन् । भारतको समाजव्यवस्थालाई उनी डेमोक्रेसी होइन, डेमनक्रेजी अर्थात् ‘राक्षसको राज’ भन्छिन् । ३५ वर्षको उमेरमा पहिलो उपन्यास लेखेर बुकर पुरस्कारले चर्चामा आएकी राय २० वर्षपछि दोस्रो उपन्यास लिएर आएकी छिन् । उनै रायको भारतीय माओवादीको प्रभाव क्षेत्रको नियात्रा सङ्कलन ‘दुखेको देश’ को केही अंश प्रस्तुत गरिएको छ ।)**

यतिबेला मध्यभारतमा भाकपा (माओवादी) को जुन छापामार सेना छ त्यो पूरै गरिब आदिवासीहरूबाट निर्माण भएको छ । जो लामो समयदेखि अनिकाल, खडेरी, लामो भोकमरीको दयनीय अवस्थाबाट अघि बढिरहेका छन् जसलाई अफ्रिकाको सहारा मरुभूमिको तल्लो इलाकासँग तुलना गर्न सकिन्छ । लोकतन्त्रका ६० वर्षपछि पनि उनीहरू शिक्षा, स्वास्थ्य, कानुनी अधिकारबाट वञ्चित छन् । सयौं वर्षदेखि उनीहरू बर्बरतापूर्ण शोषणको बुटमुनि पिल्सिएका छन् । सानाठूला व्यापारी र सुदखोरहरूले यिनीहरूलाई सधैं शोषण गर्दछन् । प्रहरी र वनरक्षक कर्मचारी आदिवासीका छोरी-चेली बलात्कार गर्नुलाई सामान्य अधिकार ठान्छन् । यस्तो अवस्थामा उनीहरूको हृदयमा आत्मसम्मानको सानो लाभा पैदा भएको छ भने त्यसको श्रेय माओवादीलाई जान्छ जो लामो समयदेखि उनीहरूसँथ बस्दै, काम गर्दै र यिनीहरूसँग काँधमा काँध मिलाएर लड्दै आएका छन् ।

सरकारले उनीहरूलाई अपमान र अत्याचारबाहेक अरू केही दिएको छैन । अब सरकारले उनीहरूसँग रहेको आफ्नो भन्ने अन्तिम वस्तु जमिन पनि खोस्न खोज्दैछ । त्यसैले उनीहरू सरकारको ‘विकास’ सँग विश्वास गर्दैनन् । दन्तेबाडामा राष्ट्रिय खनिज विकास निगमद्वारा चौडा सडक बनाउने घोषणा सरकारले गरे पनि उनीहरू पटक्कै विश्वास गर्दैनन् । जमिन बचाउन नलड्ने हो भने आफ्नो सर्वनास हुन्छ भन्ने उनीहरूले बुझेका छन् । त्यसैले उनीहरूले हतियार उठाएका हुन् ।

माओवादी विचारकहरू राज्यसत्ता बलपूर्वक पल्टाउन लडाइँ लडिरहेको दाबी गर्छन् । तर उनीहरूलाई आफ्नो घर र जमिन बचाउने अधिकार छ । उनीहरूलाई पूरै आत्मविश्वास छ, उनीहरू अधिकारका हकदार छन् ।

एउटा जानकारीअनुसार उनीहरूले विलासपुरमा ब्रिगेड मुख्यालय बनाउँदैछन् (जसले ९ वटा गाउँलाई उजाड र विस्थापित गर्नेछ) र राजनाँद गाउँमा हवाईअड्डा बनाउने भएका छन् (जसमा ७ वटा गाउँ विस्थापित हुनेछन्) यो निर्णय धेरै पहिले भैसकेको थियो । स्थान छनोट, सर्वेक्षण सबै सकिएको थियो । मर्मस्पर्शी कुरा के छ भने गृहयुद्धको तयारी धेरै अगाडि नै भैसकेको थियो । अब भारतीय वायुसेनालाई पनि गोली चलाउने अधिकार दिइएको



उनीहरूका फाटेका कपडा लगाएका, कुपोषण भएका सेना जुन छापामारमध्ये धेरैजसोले अझसम्म कहिल्यै रेलसवारी साधन वा बस अथवा सानो सहरसम्म देखेका छैनन् । उनीहरू केवल ज्यान बचाउन मात्र लडिरहेका हुन्छन् । सन् २००८ मा योजना आयोगको ‘अतिवाद प्रभावित इलाकामा विकाससम्बन्धी चुनौतीहरू’ नामक प्रतिवेदनमा भनिएको थियो “नक्सलवादी (माओवादी) आन्दोलनलाई यस्तो राजनीतिक आन्दोलनका रूपमा स्वीकार गर्नुपर्दछ जसको आदिवासी र गरिब जनतासँग गहिरो सम्बन्ध छ ।” उनीहरू लडिरहेका छन् । उनीहरूलाई थाहा छ, छ । सेनालाई ‘आत्मरक्षा’ दिने सरकारले आफ्ना नागरिकलाई भने त्यो अधिकारबाट वञ्चित गरेको छ ।

अब प्रश्न उठ्छ तीर-कमान भाला, लट्ठी लिएर हिँड्ने आदिवासी र माओवादी भनेर प्रहरीले टाढैबाट कसरी थाहा पाउँछन् त ? के उनीहरू सबै माओवादी ठहरिन्छन् ? के माओवादीलाई समर्थन गरेकै आधारमा हिंसामा असंलग्नहरू पनि निशाना बनाइन्छन् ? ... दन्तेबाडाका आदिवासीहरूका लागि पहाड आज पनि उत्तिकै ठूला देउता छन् । उनगम हाउसका लागि उनीहरू सस्तो, सुविधायुक्त गोदाम हुन् । गोदाममा उनीहरूको पकड त हुनै पर्‍यो । सन् २००० मा मैकान्चमा मारिएका तीनजना आदिवासीको सम्झनामा हरेक वर्ष भारतीय स्वतन्त्रता दिवस र गणतन्त्र दिवसका दिन उनीहरू उक्त इलाकामा कालो झन्डा प्रदर्शन गर्छन् । ... इन्द्रावती नदीको पारिपट्टि माओवादीद्वारा नियन्त्रित इलाकामा यस्तो ठाउँ छ जसलाई प्रहरीहरू ‘पाकिस्तान’ भन्छन् । त्यो गाउँमा सुनसान छ तर जङ्गलमा भीडभाड हुन्छ । विद्यालयमा हुनुपर्ने बच्चाहरू यत्रतत्र दौडिरहेका हुन्छन् ।.... पीएलजीएको स्थापना डिसेम्बर २००० मा भएको हो । यो पूर्णतः स्वयम्सेवी सेना हो । यसमा ४५ प्रतिशत महिला छन् ।

‘क्रान्तिकारी आदिवासी महिला सङ्गठन’ ले जबर्जस्ती विवाह र अपहरण गरेर युवतीलाई श्रीमती बनाउने पुरानो चलनका विरुद्ध अभियान चलाउँछ । महिनाबारीको समयमा महिलालाई गाउँदेखि बाहिर कुटीमा बस्न बाध्य पार्ने कुसंस्कारका विरुद्ध अभियान चलाउँछ । बहुविवाह र घरेलु हिंसाका विरुद्ध अभियान चलाउँछ । उनीहरूले सम्पूर्ण सङ्घ जितेका छैनन् । यद्यपि कुन नारी आन्दोलनले चितेको छ त ? उनीहरूले बिउ छर्न वा रोप्न पाउन्नन् । तर जनसरकारको साझा जमिनमा छर्न वा रोप्न सक्छन् । त्यसैले पूरै नभए पनि आधा लडाइँ त उनीहरूले जितिसकेका छन् ।


कति सजिलै जनताको सेनाले जनताको विरुद्ध मोर्चा खोल्न सक्छ ! आज दण्डकारण्यमा पार्टी वाक्साइटलाई पहाडमै कायम राख्ने पक्षमा छ । भोलि जनसेनाले आफ्नो दायित्व बदल्ने त होइन ? के हामी भविष्यमा हुनसक्ने दुर्घटनाको कल्पना गरेर वर्तमानको आफ्नो कर्तव्यबाट भाग्न सक्छौं ? अथवा चुपचाप बस्न सक्छौं ?

अध्यक्ष माओ, उनी पनि त्यहाँ छन् (आन्दोलनका सहिदहरूको चित्र प्रदर्शनी, भूमकाल, दण्डकारण्य; २०१०) अलिकति एक्लै तर उपस्थित छन् । उनको एउटा फोटो राखिएको छ । माथि रातो कपडाको पर्दामा त्यो फोटो छ । जहाँ कार्ल मार्क्स पनि छन् र नक्सलबाडी आन्दोलनका संस्थापक र मुख्य सिद्धान्तकार चारु मजुमदार पनि छन् । उनीहरू हिंसात्मक आन्दोलनमा छन् । बलिदानप्रति अन्धश्रद्धा गर्छन् । उनीहरूको भाषा संहारक भन्न सकिने हुन्छ । त्यहाँको भूमकाल दिवसको कार्यक्रममा उभिएर मैले आफैंलाई के सोच्नबाट रोक्न सकिनँ भने वर्गसङ्घर्ष, शत्रु सफाया अभियान चलाएर मात्रै नयाँ मान्छे जन्मन्छ जसले मृत्युलाई चुनौती दिन्छ र हरेक स्वार्थी विचारबाट मुक्त हुन्छ ।

---

**कविता**

## जो जिउँदैछ आँखाबाट ओझेल



*लेनिन*

पैतालामुनी कुल्चिदै आएको
स्वातन्त्र्यताको फूल
आज नस्ट भएको छ ।

अँध्यारो दुनियाँको मालिक
उज्यालो दुनियाँको डर देखेर
खुसी भएको छ ।

तर त्यो फूलको फलले
आश्रय लिएको छ
जन्म दिने माटोमा
आमाको गर्भासयमा
आँखाबाट ओझेल गहिराइहरूमा ।
माटोमुनीको त्यो बिउले
आफूलाई जिउँदो राखेको छ
माटोले नै त्यसलाई तागत दिनेछ
माटोले नै त्यसलाई ताप दिनेछ
उम्रने छ त्यो
एक नयाँ जन्म लिएर
र
ल्याउने छ त्यसले नयाँ स्वतन्त्रताको बिउ ।

त्यो बिउ हिमाल फोरेर
एक दिन विशाल वृक्ष हुनेछ
र
आफ्ना राता पातहरूले
यो दुनियाँलाई उज्यालो छर्नेछ
संसारभरिका जनताहरूलाई
आफ्नो छहारीमा
एकत्रित गर्नेछ
हिमाल फोरेर उम्रिएको
त्यो विशाल वृक्ष ।

*(१९०५ को रुसी क्रान्ति असफल भएपछि लेखिएको कविता)*

**अनुवाद : निभा शाह**

---

**● पुस्तक परिचय**


# सल्यान इतिहास र सपना : संक्षिप्त चर्चा

युवा लेखक गणेशमान सिंहको दोस्रो कृति ‘सल्यान : इतिहास र सपना’ हालसालै प्रकाशित भएको छ । यसअघि २०७१ सालमा उनको प्रथम कृति ‘यो देश र म (निबन्धसङ्ग्रह) प्रकाशित भएको थियो । ६ खण्डमा विभाजित यो कृति ४५६ पृष्ठको छ । यो कृतिलाई सल्यानको इतिहास भन्दा पनि हुन्छ ।

कृतिको खण्ड १ मा सल्यानमा भौगोलिक अवस्थिति इतिहासमा सल्यान, सल्यानी राजाहरूको वंशावली, सल्यानको सान : मरिचमान, सल्यानका कला-साहित्य, सल्यानको शिक्षा, सल्यानमा निर्वाचन विवरण र संसदीय निर्वाचन र नेकपा शीर्षकमा ससाना ८ वटा आलेख समेटिएका छन् । यसले सल्यानको इक्षिप्त परिचय दिन्छ । सल्यानका बारेमा जानकारी राख्न चाहने हरेक अध्येता र अनुसन्धानकर्ताका लागि उपयोगी हुनसक्छ ।

दोस्रो खण्डमा नेपालमा जनयुद्ध, सल्यानमा जनयुद्ध, सल्यान, साहित्य र जनयुद्ध, प्रतिनिधिमूलक संस्मरण र सहिद संस्मरण गरी ८ वटा लेख छन् । यी लेखले जनयुद्धवरिपरि फन्को मारेका छन् । साहित्य र जनयुद्ध आलेखमा केही संस्मरणहरू छन् तर न साहित्यको समग्र परिचय छ, न त साहित्यका अरू विधाहरूको प्रतिनिधित्व छ । साहित्य भनेकै संस्मरण हो भन्ने भान पाठकमा पर्नसक्छ । यद्यपि साहित्यमा संस्मरण विधा अत्यन्त कान्छो र कम स्थापित विधा हो । कविता, नाटक र उपन्यास साहित्यका माउ विधा हुन् ।

तेस्रो खण्ड नेपाली कम्युनिस्ट आन्दोलन र त्यसले सल्यानमा पारेको प्रभाव तथा भूमिकामा केन्द्रित छ । यस खण्डमा नेपालमा कम्युनिस्ट आन्दोलनको यात्रा, सल्यानको क्रान्तिकारी कम्युनिस्ट आन्दोलन दुईवटा लेखले शोधपरक भूमिका निर्वाह गरेका छन् । यस्तो गहन विषयमा लेखहरू साना छन् । जसले लामो, जटिल र धेरै धारामा सम्भावना कम छ । किनकि यो खण्ड नै कृतिको केन्द्रीय विषय हुनसक्थ्यो । चौथो खण्डमा महान् जनयुद्धको समयमा भएका सहिद र बेपत्ता पारिएका नागरिकको बलिदानका कथा-व्यथा समेटिएका छन् । भावनात्मक दृष्टिले समेत यो खण्ड महत्वपूर्ण मान्नुपर्छ । त्यसैगरी आन्दोलनमा झुल्केका नेता र उनीहरूले लिएको नीति कस्ता थिए ? तिनले समाजमा कस्तो प्रभाव पारे भन्ने विषयमा खण्ड ५ केन्द्रित छ ।




अन्तिम खण्ड ६ हो । यसमा १३ वटा लेख छन् । परिशिष्ट खण्डमा कृतिले माग गर्ने तस्बिरहरू र अरू केही महत्वपूर्ण सामग्री संलग्न गरिएका छन् । मेरो सोच थियो- एक दिन म अवश्य लेख्नेछु । म जन्मेको भूमिको कुरा लेख्नेछु । सानैदेखि खेली-हुर्की आएको माटोको कुरा लेख्नेछु । लेख्नेछु समयसँगै निरन्तर अनेक घुम्ती पार गर्दै आएको यो समाजको भोगाइ साथै त्यो यात्राको कुरा लेख्नेछु जसलाई हामी राजनीति भनेर बुझ्छौं । सत्ता भनेर बुझ्छौं । हाम्रा पुर्खाहरूले कस्तो रीतिथिति बसालेर आए ? कति विधिविधान मानेर आए ? हो, मैले सङ्क्षिप्तमै भए पनि तिनै इतिहासका जराजरा खोस्रिने प्रयास गरेको छु । इतिहासको गर्भमा रहेका फूलहरूलाई एउटै मालामा उन्ने मेरो एउटा सपना आज सार्थक भएको छ ।” प्राक्कथनमा लेखकले व्यक्त गरेका भनाइले कृतिका विषयमा धेरै कुरा बोल्छन् । नयाँ पाठक मूलतः सल्यानको जानकारी लिनका लागि कृति महत्वपूर्ण छ ।

---

**सार्वजनिक सूचना**

स्वदेशी उद्योगको हकमा ठूला तथा मझौला उद्योगहरू एवं विदेशी लगानीका उद्योगहरूको हकमा ठूला, मझौला र साना उद्योगहरू दर्ता, स्थापना र सञ्चालन सम्बन्धमा उद्योग विभागमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

नेपाल सरकार
उद्योग विभाग
त्रिपुरेश्वर, काठमाडौं

## नयाँ जनवादी क्रान्तिका ...

आउँछन् । हाम्रो सम्पूर्ण सहरबजारको जम्मा ४ लाखको आवादीमा यिनीहरूको सङ्ख्या तीन लाखभन्दा बढी छ।

यो मध्यम तथा न्यून मध्यम वर्ग सामन्तवाद, पुँजीवाद, साम्राज्यवाद तथा नोकरशाही प्रशासन यन्त्रको जाँतोमा पिसिएको हुनाले प्रतिदिन यसको स्थिति बिग्रँदो छ। यो वर्ग विशेषगरी शोषण कार्यमा हिस्सा लाग्दैन । आफ्नो मेहनतमा खडा हुन्छ । यो नयाँ जनवादी क्रान्तिको सहयोगी शक्ति हुनाका साथै मजदुर वर्गको भरपर्दो साथी पनि हुन्छ।

४- अ- **शिक्षित समुदाय विशेषगरी मार्क्सवाद-लेनिनवादप्रति आकर्षित हुन्छन्** : शिक्षित समुदायमा विशेषगरी बुद्धिजीवी तथा विद्यार्थी जमात आउँछ। यो जमात कुनै एक वर्ग अथवा वर्गीय स्तर नभै शिक्षित समुदाय मात्र हो तर उनीहरूको पारिवारिक स्रोत, जीवनको स्थिति र स्वभाविक राजनीतिक दृष्टिकोण न्यून पुँजीवादी वर्गको हुन्छ । उनीहरू कमबेसी मात्रामा पुँजीवादी वैज्ञानिक ज्ञानले युक्त हुने हुँदा उनीहरू अन्धविश्वासी नभै तर्कशील हुन्छन् । मार्क्सवाद-लेनिनवाद सबभन्दा वैज्ञानिक र तर्कशील ज्ञान भएको हुँदा उनीहरू यसप्रति आकर्षित हुन्छन् । राजनीतिक विषयमा उनीहरू अति चाख लिन्छन् । यस समाजमा उनीहरू आफ्ना योग्यताअनुसार उन्नति गर्न पाउँदैनन् । यो वर्ग नातावाद र कृपावादको सबभन्दा बढी सिकार हुन्छ। यी सबै कारणले गर्दा यो समुदाय अक्सर सुरुमा जनवादी क्रान्तिको चेतना फैलाउने सङ्घर्षमा अग्रसर भएको पाइन्छ। तर पछि गएर छोड्न पनि सक्छ। यो कुरा हाम्रो देशमा पनि निर्विवाद रूपले लागू हुन्छ । नेपालको राजनीतिक आन्दोलनको इतिहासले यही कुरा भन्छ।

जनवादी आन्दोलनको दौरानमा पुँजीवादी नेताहरूको राष्ट्रिय तथा अन्तर र्ष्ट्रिय प्रतिक्रियावादीहरूसँग सम्झौतापरस्त नीतिको विरोध गरी यसले मार्क्सवाद-लेनिनवादी शिक्षा ग्रहण गर्दछ र यसको प्रचार गर्दछ । हाम्रो देशको अधिकांश विद्यार्थीहरू मार्क्सवाद-लेनिनवादप्रति आकर्षित छन् । कम्युनिस्टविरोधी भुकाइमा अग्रसर हुने प्रसिद्ध लेखक, शिक्षक तथा कलाकारहरूको सङ्ख्या कमै छ। तसर्थ यो बुद्धिजीवी वर्ग क्रान्तिको सहायक हुन्छ। संस्कृत पढ्ने विद्यार्थीहरू पनि विशेष रूपमा मार्क्सवादप्रति आकर्षित छन् । यहाँसम्म कि सामन्ती वर्गबाट आएका विद्यार्थीहरूको पनि विशेष भुकाव मार्क्सवाद-लेनिनवादप्रति नै देखिन्छ। यसरी यिनीहरूले मार्क्सवादी-लेनिनवादी शिक्षाको प्रचार सहरबजार तथा गाउँ देहातमा पुऱ्याउन ठूलो मद्दत गरेका छन् । शिक्षित समुदायको एक सुसङ्गठित दस्ताबिना क्रान्तिकारी आन्दोलनको सङ्गठन र सञ्चालन गर्न सकिन्न । यस कुरामा हामीले विशेष रूपले ध्यान दिनु पर्दछ।

शिक्षित समुदायको एक सुसंगठित दस्ता तयार गर्न उनीहरूमा देखापर्ने सामान्य कमजोरीप्रति हामीले विशेष गरी ध्यान दिनुपर्छ। आन्दोलनको एक विशेष स्तरमा उठेपछि उनीहरूको न्यून पूँजीवादी दृष्टिकोण उम्लेर आउँछ। त्यसले गर्दा उनीहरूमा मनोवादी र व्यक्तिवादी भावनाहरू प्रवल रूपमा देखिन थाल्छन् । अतः सिद्धान्त र व्यवहारमा उनीहरूको बीचमा नित्य जोड नदिएमा उनीहरू क्रान्तिबाट अलग हुने सम्भावना पनि हुन्छ। हाम्रो देशमा शाही हस्तान्तरणपछि विशेष रूपले यही कुरा देखिन आयो।

आ- न्यून वैतनिक कर्मचारीहरू पनि क्रान्तिका सहायक शक्तिहरू

न्यून वैतनिक कर्मचारी भन्नाले विभागीय सेक्सन अफिसरभन्दा मुनि विभिन्न सरकारी सेवामा लागेका कर्मचारी सम्झनुपर्दछ। उनीहरूको पेशा नौसिन्दागिरी, खरदारी आदि हुन्छ। उनीहरू शोषण कार्यबाट टाढै रहन्छन् । एक त उनीहरूलाई खोसुवा पुर्जीको डर सदैव रहन्छ भने अर्को योग्यता अनुसारको तलब तथा तरक्की दिइन्न। यसले गर्दा उनीहरूको जीवन सदैव यही सङ्कटपूर्ण रूपले गुज्रिरहेको हुन्छ। राणाशाहीको अन्तपछि यस समुदायले पनि आफ्नो हक र हितको निम्ति सङ्घर्षको परिचय दिइसकेको छ । अतः यो पनि हाम्रो क्रान्तिको सहायक शक्ति हो।

इ- खुद्रा व्यापारी तथा दस्तकार कालिगढहरू पनि क्रान्तिका सहायक शक्ति

खुद्रा व्यापारीहरूको स्थिति थोक व्यापारीहरूको शोषण, बजारिया होड र ब्याजले गर्दा नित्य डाँवाडोल रहन्छ । यसले गर्दा यो समुदाय सङ्घर्षशील भएर आएका छन्।

दस्तकार अर्थात् कालिगढहरू जस्तै सिकर्मी, डकर्मी, कामी, कुमाले, जुलाहा, बाँडा, मुर्तिकार, सार्की आदिका उत्पादनका मध्ययुगीन साधनहरू हतियरहरू हुन्छन् । उनीहरू विशेष रूपले आफ्ना परिवारलाई उत्पादनमा लगाउँछन् ज्यालादारी मजदुरहरू विशेषगरी राख्दैनन् । उनीहरूको स्थिति प्रतिदिन खराब हुँदै जाँदैछ। यो समुदाय पनि सङ्घर्षशील भएर आएको छ। यस न्यून पुँजीवादी वर्गका केही कमजोरी भए तापनि सङ्घर्षशील भावना रहन्छ । यो वर्ग पनि आर्थिक स्थितिले गर्दा मध्यम वर्गीय किसानहरू सरह भएको हुँदा समाजवादसम्म पनि मजदुर वर्गको साथ जान सक्छ। अतः यस वर्गको बीचमा व्यापक क्रान्तिकारी कार्यको आवश्यकता छ।

ई- कुवेशनमा लाग्न बाध्य भएको एक तप्का पनि जनवादी क्रान्तिको सहायक शक्ति हुनसक्छ

यसको एक तप्कालाई प्रतिक्रियावादीहरूले क्रान्तिको विरुद्ध उपयोग गर्दछन् भने अर्को तप्का स्वाभाविक रूपले क्रान्तिप्रति आकर्षित हुन्छ । सामाजिक अभिशापले गर्दा कुवेशनमा लाग्न वाध्य भएको हुँदा यस समाजप्रति उनीहरूमा घृणाको भावना हुनु स्वाभाविक हुन्छ । यस कारणले गर्दा उनीहरू क्रान्तिको पक्षमा आउँछन् । आन्दोलनको दौरानमा क्रान्तिकारीहरूको सतसङ्गतले गर्दा उनीहरू क्रान्तिकारी वर्गमा लागेका छन् । यही कुरा हाम्रो देशमा पनि भएको छ । अतः उनीहरूप्रति घृणाको दृष्टिकोण नराखी सहानुभूतिपूर्ण दृष्टिकोणले हेरी उनीहरूलाई समाज परिवर्तनको सही बाटोमा ल्याउने प्रयत्न हुनुपर्दछ।

**४- राष्ट्रिय पुँजीपति वर्गको दोहोरो चरित्र**

आज हाम्रो देशको पुँजीपति वर्ग राष्ट्रिय उद्योगको अभावले गर्दा व्यापारमा मुख्यतः विदेशी एकाधिकारी पुँजीवादकै मुखोक्षी छ भने राष्ट्रिय क्षेत्रमा सामन्ती भूमि व्यवस्थासँग यसको ठूलो अंगको सम्बन्ध कायम छ। यसरी वर्गीय रूपले यिनीहरूको प्रगतिवादी भूमिका कम देखिएको छ। तर साथै यसमा हाल उद्योग र व्यापारमा बढ्ता निर्भर गर्ने एक स्यानो अंग पनि देखिन थालेको छ। यो अंगले विदेशी पुँजीलाई ठूलो ताकतको रूपमा राष्ट्रिय रूपमा जीवनमा प्रवेश गराउने कुरालाई आफ्नो विकासमा बाधकको रूपमा देख्दछ। राष्ट्रिय जनवादी आन्दोलन जति मात्रामा बढेर जानेछ यो अंग अन्य पुँजीवादी तत्वहरूको पंक्तिबाट अलग भइ राष्ट्रिय आन्दोलनलाई साथ दिन आइ सामन्ती व्यवस्था र विदेशी पुँजीको विरुद्धमा उभिनेछ । यस्तो पुँजीपति राष्ट्रिय पुँजीपति वर्ग कहलाउनेछ । यस्तो वर्गको चरित्र ढुलमूल हुन्छ । जनवादी आन्दोलनले विदेशी पुँजीलाई खतम गर्ने हुँदा यसले आफ्नो हित देख्दछ भने जनवादी क्रान्तिले शोषण नियन्त्रण पनि गर्ने हुँदा यो आन्दोलनमा सरिक हुन पानि डराउँछ। क्रान्तिले शोषण नियन्त्रण पनि गर्ने हुँदा यो आन्दोलनमा सरिक हुन पनि डराउँछ। क्रान्तिको दौरानमा देखा पर्ने पुँजीपति वर्गको यस्तो अंगलाई क्रान्तिको पक्षमा गर्ने हाम्रो प्रयास हुनुपर्छ।

**(घ) अन्तर्राष्ट्रिय क्षेत्रमा नयाँ जनवादी क्रा( न्तका मित्र शक्तिहरू**

अ- विश्व समाजवादी व्यवस्था तथा अन्तर्राष्ट्रिय मजदुर आन्दोलन

अन्तर्राष्ट्रिय पुँजीवाद आम रुवले तृतीय सङ्कटको अवस्थाबाट गुज्रिरहेको बेलामा, अधिकांश औपनिवेशिक राष्ट्रहरूले स्वतन्त्रता प्राप्त गरिसकेको बेलामा, पुँजीवादी राष्ट्रका मजदुर वर्गले औपनिवेशिक व्यवस्थाको विरुद्ध सङ्घर्ष गरिरहेका बेलामा विश्वको तीन खण्डको एक खण्डमा समाजवाद भैरहेको बेलामा समाजवादी खेमाले संसारका राष्ट्रिय मुक्ति क्रान्ति र जनवादी क्रान्तिलाई समर्थन गरिरहेको बेला र पुँजीवादबाट सामाजवादमा संक्रमण हाम्रो युगको मुख्य सार भएको बेलामा पनि नेपालमा हुने नयाँ जनवादी क्रान्तिले साम्राज्यवाद तथा अन्तर्राष्ट्रिय पुँजीवादलाई ठूलो आघात पुऱ्याउने हुँदा यो विश्व सर्वहारा समाजवादी क्रान्तिको अभिन्न अंग हुन्छ । तसर्थ यो क्रान्ति विश्व प्रतिक्रियाजादी शक्तिको दुस्मन र यसका मित्र शक्ति विश्व समाजवादी राष्ट्रमण्डल र विश्वव्यापी समाजवाद पक्षीय मजदुर आन्दोलन हुनेछ।

आ- नवजात राष्ट्रका जनवादी आन्दोलन विशेषगरी भारतीय जनवादी आन्दोलन हाम्रो मित्रशर्ा क्त हुनेछ

नवजात राष्ट्रहरूलाई पुनः दासत्ताको डोरीमा कस्नको निम्ति साम्राज्यवादी शक्ति विशेषगरी अमेरिकी साम्राज्यवादी शक्ति क्रियाशील छ। यसले गर्दा नवजात राष्ट्रहरूको स्वतन्त्रतामा हमेशा नै खतरा परिरहेको छ। अतः अन्तर्राष्ट्रिय साम्राज्यवादको विरोध गरी अमेरिकी साम्राज्यवाद नवजात राष्ट्रहरूको निम्ति साझा दुस्मनको रूपमा देखा पर्न आएको छ । हाम्रो जनवादी क्रान्ति अन्तर्राष्ट्रिय साम्राज्य विरुद्ध पनि हुने भएकोले नवजात राष्ट्रका जनवादी आन्दोलन हाम्रो क्रान्तिको मित्रशक्ति हुनेछन् । त्यसमा पनि विशेष गरी नेपाली जनवादी आन्दोलन र भारतीय जनवादी आन्दोलन एक अर्काका निम्ति विशेष सहयोगी हुनेछन्।

**इ) प्रवासी नेपालीहरू पनि जनवादी क्रान्तिको सहायक शक्ति** : कुनै पनि देशका प्रवासी जनताले आफ्नो देशको जनवादी आन्दोलनलाई समर्थन गर्दछन्। आफ्नो देशको उन्नतिबिना प्रवासमा नेपालीको स्थान अहिले पनि उठ्न सक्दैन । कैयौं प्रवासी नेपालीहरू बाध्य भएर विदेशमा लागेका छन्, आवतजावत गर्दछन् र बसोबासको प्रबन्ध भएमा मातृभूमिमा फर्केर आउन पनि चाहन्छन् भने कैयौंले विदेशमा कमाएको पुँजीको देशभित्र गई उद्योगभन्दामा लगानी गरी विकास गर्न चाहन्छन् । कयौँ प्रवासी नेपालीहरू प्रवासमा नै बसी आफ्नो इज्जत र सम्मान चाहन्छन् । नयाँ जनवादी सरकारले देशभित्र फर्केका प्रवासीहरूलाई बसोबासको प्रबन्ध र नफर्केकालाई तत्सम्बन्धी सरकारसित सम्बन्ध राखी उनीहरूको सम्मान र इज्जतका लागि कदम चाल्ने भएको र हाल उनीहरूको सम्मान प्रवासमा नभएको हुँदा प्रवासी नेपालीहरू खास गरेर तल्लो स्तरका प्रवासी नेपालीहरू हाम्रो नयाँ जनवादी क्रान्तिका मित्रशक्ति हुन्छन्।

## संस्थापक नेता ...

सहयौद्धाहरू नरबहादुर कर्माचार्य, निरञ्जनगोविन्द बैद्य र नारायणविलास जोशी सहित वि.स. २००६ सालमा नेपालमा कम्युनिष्ट पार्टीको स्थापना गर्नुभएको थियो। चीन भने नौलो जनवादी क्रान्तिसहित बैज्ञानिक समाजवादमा प्रवेश गरेको थियो भने भारत दुई वर्ष अघि मात्र अंग्रेजको जन्जीरबाट स्वतन्त्र भएको थियो । उत्तर र दक्षिणका दुवै छिमेकीहरूले मुक्ति पाएको बेला नेपालमा उहाँले मुक्ति मार्गको साधन उद्घाटन गर्नुभएको थियो । जहाँनिया राणा शासन रहेकै अवस्थामा यो कार्य एउटा महान् र ऐतिहासिक शुरुआत थियो । त्यसकारण हामी क.पुष्पलाललाई शहीद गंगालाल श्रेष्ठका भाई मात्र होइन, गंगालालको वास्तविक सपना पूरा गर्ने नेपाल कम्युनिष्ट पार्टीका संस्थापक सदस्य भनेर चिन्दछौं । कुनै पनि कार्यको शुरुआत एउटा कठिन र जोखिमपूर्ण हुन्छ।

दोश्रो कुरा, उहाँ अथक र इमान्दार कम्युनिष्ट यौद्धा हुनुहुन्थ्यो । उहाँले मार्क्सको संश्लेषण ' विज्ञानको कुनै सीधा तथा फराकिलो राजमार्ग हुँदैन र त्यसको प्रकाशमान शिखरसम्म त्यो नै पुग्नसक्छ जो उसको अधिल्तिर उभिएको ठाडो उकालोदेखि डराउँदैन'लाई राम्रोसँग ग्रहण गर्नुभएको थियो । उहाँ पार्टीभित्र रायमाझी र तुल्सीलाल प्रवृत्तिसँग निरन्तर अन्तरसंघर्ष गरी क्रान्तिकारी कम्युनिष्ट पार्टी र त्यसको सिद्धान्तको रक्षा गर्नुभएको थियो भने वर्गसंघर्षका खतरासँग मुकाबिला गर्नुभएको थियो । पार्टीभित्र कैयौँले उहाँको इमान्दारितामाथि टेकेर आफ्नो स्वार्थ पूरा गर्न खोजेका थिए । अन्ततः उहाँको बैज्ञानिक इमान्दारिताको सिमेन्टेड पर्खालमा ठोक्किएर पछारिए। उहाँलाई गलाउने सपना चक्नाचूर भयो।

तेश्रो कुरा, सोभियत संघमा ख्रुश्चोभ सत्तामा आएपछि उसले शान्तिपूर्ण संक्रमण, शान्तिपूर्ण सहअस्तित्व, शान्तिपूर्ण प्रतिस्पर्धा र सबै जनताको पार्टी जस्ता वर्गसमन्वयवादी सिद्धान्त ल्यायो। यहीबाट चीन कम्युनिष्ट पार्टी र सोभियत संघ कम्युनिष्ट पार्टी( बोल्सेविक)का बीच महान् बहस शुरु भयो। नेपालमा ख्रुश्चोभको कार्यदिशा अवलम्बन गर्दै तुल्सीलालले राष्ट्रिय प्रजातन्त्रको बाटो अपनाए । यस प्रकारको घरेलु र बाह्य संशोधनवादका विरुद्ध लड्दै पुष्पलाल माओको क्रान्तिकारी कार्यदिशा रक्षाका लागि कम्मर कसेर अघि बढ्नुभएको थियो । यो धैरै महत्वको कुरा हो। त्यसकारण उहाँ माओले विकास गर्नुभएको दीर्घकालिन जनयुद्ध, नयाँ जनवाद र बैज्ञानिक समाजवाद, सर्वहारा अधिनायकत्व अन्तर्गत निरन्तर क्रान्ति(महान् सर्वहारा साँस्कृतिक क्रान्ति) मा सत्तीसाल भएर उभिनुभयो।

चौथो कुरा, उहाँको मृत्यु भइसकेपछि मात्र म कम्युनिष्ट पार्टीको नाम सुनेर २०३५ सालदेखि विद्यार्थी संगठनको राजनीतिमा बामेसर्न थालेको हुँ । २०४० सालमा मात्र मैले नेकपा(मशाल)को सदस्यता लिएको थिए । त्यही वरिपरि मेरो हातमा 'गद्दार पुष्पलाल' शिर्षकको किताव पऱ्यो। २०५५ सालसम्म मैले पनि उहाँलाई नकारात्मक पात्रको रुपमा लिए । हामीलाई त्यो किताब पढाउने पुष्पकमल दाहाल, र बाबुराम भटराईहरूले गद्दारी गरेर गएका छन्। त्यो किताब लेख्ने मोहनविक्रम सिंहले पनि त्यति गतिलो गरेका छैनन् । अन्ततः गद्दार भन्नु गल्ती थियो भन्न चाहि सबै बाध्य भए । पुष्पलाललाई गद्दार भन्नुको मूल कारण उनले काँग्रेसलाई पुँजीवादी पार्टी भन्नु र त्यससँग कार्यगत एकता गर्नुपर्छ भन्नु नै रहेछ । विश्लेषणमा केही कमी कमजोरी र सीमा हुन सक्छन् । तर त्यतिकैमा गद्दारै भन्नु अन्धाहरूको हाती धमाई मात्र थियो। समकालिन नेपाली कम्युनिष्ट आन्दोलनमा उहाँ जस्तो इमान्दार र क्रान्तिकारी नेता अरु कोही रहेनछ भन्ने कुरा आज उहाँका रचनाहरूबाट स्पष्ट हुन्छ।

पाँचौ कुरा, उहाँ एकजना प्रतिभाशाली लेखक र इतिहासकार पनि हुनुहुन्थ्यो । उहाँले नै वास्तवमा मार्क्सवादी कोणबाट नेपालमा भएको समाज विकासवारे स्पष्ट पार्नुभएको छ । उहाँ एक सरल भाषामा गहिरो अभिव्यक्ति दिने लेखक हुनुहुन्थ्यो भन्ने कुरा संकलित रचनाहरूको अध्ययनबाट स्पष्ट हुन्छ। उहाँ निरन्तर अध्ययन र चिन्तनमा हुनुहुन्थ्यो। कम्युनिष्ट पार्टीको घोषणापत्र पहिलो पटक २००५ मा नेपालीमा उल्था गर्ने उहाँ नै हुनुहुन्थ्यो । नेपालमा कम्युनिष्ट पार्टीको घोषणापत्र, पार्टीको दस्तावेजदेखी पर्चा सम्म उहाँले नै लेख्नुभएको थियो।

त्यसकारण क.पुष्पलालको स्मरण गर्दा उहाँलाई नेपाल कम्युनिष्ट पार्टीका संस्थापक, अथक र इमान्दार कम्युनिष्ट योद्धा, सबै खाले संशोधनवादका दुश्मन, सबै खाले प्रतिक्रियावाद र साम्राज्यवादका उन्मूलनको लडाईका कमाण्डर, एक प्रतिभाशाली लेखक तथा इतिहासकार भनेर बुझ्नु पर्दछ । आज हामी नेपाल कम्युनिष्ट पार्टीमा काम गर्ने कमरेडहरूले यो आलेखको सिरानमा उदृत उद्धरणलाई विशेष ढंगले ग्रहण गर्नुपर्दछ।

## राज्यको ढुकुटी ...

शर्माको टोलीले ३३ करोड राजस्व हिनामिना गरेको आरोपमा शर्मा जेलमा छन्। पूर्वअर्थमन्त्री रामशरण महतले नीतिगत भ्रष्टाचारकै प्रयोजनका लागि कर फर्स्योट आयोग गठन गरेको देखिन्छ । चूडामणि शर्माको टोलीलाई भ्रष्टाचार गर्ने चोरबाटोका ठेकेदार रामशरण महत नै हुन् । संसद्‌को अर्थ समितिले व्यापक दबाबपछि पूर्वनिर्णय सच्याउँदै 'कर फर्स्योट आयोग ऐन' खारेज गर्न निर्देशन दिएको छ। आइतबार बसेको अर्थ समितिको बैठकले उक्त निर्णय गरेको हो । समितिले राजस्व छली र कर असुलीमा भएका अनियमितता अध्ययन गरी २ महिनाभित्र सुझाव पेस गर्न सांसद गौरा प्रसाईंको संयोजकत्वमा ९ सदस्यीय उपसमिति पनि गठन गरेको छ । २०३३ सालमा पञ्च प्रम सूर्यबहादुर थापाले गलत अर्थोपार्जन गर्ने उद्देश्यले उक्त आयोग गठन गरेका थिए।

आन्तरिक राजस्व विभागले नक्कली बिल बनाएर कर छली गर्ने व्यापारीसमेतलाई सफाइ (क्लिन चिट) दिएर तिनै व्यापारीसँग मोटो रकम असुली गरेको खुल्न आएको छ । यसरी सरकार प्रमुख नेताहरू र सरकारी निकायका उच्चपदस्थ व्यक्ति नै देशको लुटपाटमा संलग्न भएको देखिन्छ।

## एनएसीले ...

साता पुग्दा पनि नेपाल वायु सेवा निगम, क्षेत्रीय कार्यालयले आदेशको अवज्ञा गरेको छ भने स्थानीय प्रशासनले आदेश पालना गर्ने कुनै भूमिका निर्वाह गरेको छैन । सरकारी तथा अर्धसरकारी निकाय नै अदालतको आदेशको मानहानि गर्न उद्यत रहेको यो पहिलो घटना भने होइन । बजार व्यवस्थापन समिति ३५ करोड रुपैयाँ हर्जना र क्षतिपूर्तिसहित अदालत पुगेका हुन् । निगमले सहमतिअनुसार टहरा निर्माण गरिरहेको कारण वैकल्पिक व्यवस्था र टहरा निर्माण गर्दाको लागत क्षतिपूर्तिबापत भरताल गर्नु मानसिव हुन आउँछ। यहाँ २१९ जना व्यवसायीले व्यापार गरिरहेका छन् । पीडित व्यापारीका तर्फबाट अधिवक्ता डा. गोपाल सिवाकोटी 'चिन्तन' र हिमलाल पराजुलीले बहस गर्नेछन्। प्रहरीले बजारमा ताला लगाएका कारण फलफूल तथा तरकारी कुहिएर आसपासको क्षेत्र नै दुर्गन्धित भएको छ । यसैबीच कास्की जिल्लामा क्रियाशील पार्टीहरूले असार ३० गते थाल ठटाउँदै व्यवसायीको माग पूरा गर्न तथा एनएसी र प्रशासनले अदालतको समेत मानहानि गरेको भन्दै प्रदर्शन गरेका छन् । त्यसरी विज्ञप्ति जारी गर्नेहरूमा नेकपाकी सावित्रा दुरा, नयाँ शक्तिका हेमबादुर थापा, जनमोर्चाका चन्द्रबहादुर के.सी., नेकपा (क्रान्तिकारी माओवादी) का रामजी थापा, सङ्घीय समाजवादी फोरमका रामजी कर्माकार र नेकपा (माले) का टेकनाथ भण्डारी छन् । यसैबीच बिहीबार प्रहरीले सस्तो बजारका व्यवसायी शिव खनाल र चन्द्रबहादुर नेपाली 'दीपक' लाई गिरफ्तार गरेको छ।

## चुनाव खारेजीपछि ...

तत्काल मात्र होइन दीर्घकालसम्म नेपाली क्रान्तिकारी आन्दोलनमा रहने स्पष्ट छ।

हाम्रो पर्टीले सञ्चालन गरेको खारेज अभियान केवल चुनावको खारेज र प्रचारसँग सम्बन्धित छैन । यसको सम्बन्ध समग्र नेपाली क्रान्तिको प्रक्रियासँग छ। यो विगतका कैयौँ बहिष्कारजस्तो होइन जो अगाडिको गन्तव्यबाट कटेको थियो । यो त्यस्तो खारेज हो जसको सम्बन्ध शान्तिकालमा संसद्‌वादी दलालहरूले दिएको धोका, जनयुद्धमाथि लादिएको प्रतिक्रान्ति, प्रतिक्रियावादी संसदीय व्यवस्था (गणतन्त्रसहितको संसदीय व्यवस्था) को पुनर्स्थापना, अवसरवादीहरूको आत्मसमर्पणविरुद्ध चलेको सङ्घर्ष र नेपाली क्रान्तिलाई निरन्तरतामा अगाडि बढाउन गरिएको पहलसँग सम्बन्धित छ। चुनावको खारेजी मात्र होइन, प्रतिक्रियावादी संसदीय व्यवस्थाकै खारेजीसँग सम्बन्धित छ । यो कुनै हुतिहारा श्रीमान्‌को फूर्तिजस्तो होइन जो स्वाभिमानी श्रीमतीका सामु चिसो पानी थाप्न तयार होस् । यो त्यस्तो चट्टानी विचारको अभिव्यक्ति हो जो पेरिसको वेलिभल पाखोमा एक चिहान हुँदा पनि मानवमुक्तिको महान् आदर्शलाई बचाउन अटल भएर उभिएको थियो । यसलाई त्यस्ता दुई कौडीका मान्छेले बुझ्न सम्भव छैन जो रत्नपार्कको भीडमा हरक्षण आफूलाई कौडीको भाउमा बेच्न तयार छन् । जसको राजनीतिक चिन्तन कोठादेखि रत्नपार्कसम्म पनि टिक्न सक्दैन । हो, हाम्रो चुनाव खारेजबारे भ्रामक प्रचार गर्ने मान्छे त्यस्तै हुन्।

चुनाव खारेज आतङ्क थिएन, त्यो क्रान्तिको एक कडी थियो। जनतालाई नेतृत्व दिन, जनतालाई अपिल गर्दै जनताको साथ र सहयोगमा आफ्नै सापेक्षतामा अगाडि बढाइएको अभियान थियो । यो कुनै देखावटी थिएन, राज्यलाई चुनौती खडा गर्दै र आफ्नो उद्देश्य प्रस्तुत गर्न सारिएको अभियान थियो। यसमा क्रान्तिकारीहरू जोस र साहसका साथ मोर्चामा डटे, कोही निच स्वार्थका लागि हामीसँग आएका थिए भने ती ढोडजस्तो लत्र्याकलुत्रुक पनि भए तर क्रान्तिमा घुँडा टेक्नेको हिसाब हुँदैन । अभियान हाँक्नेहरूको हिसाब हुन्छ। हाम्रो पार्टीपङ्क्ति पूरै दृढताका साथ अगाडि बढेको छ र आफ्नो उद्देश्य पूरा गर्न सफल भएको छ। सम्भवतः यहाँनेर क्रान्तिकारीहरूको विवेकलाई उत्तेजनाको लहडमा धकेलेर क्रान्तिलाई आतङ्कको चेपुवामा पार्ने दलाल र प्रतिक्रियावादीहरूको सोचाइले हावा खाएको छ।

खारेज अभियानमा एकजना कमरेड र एकजना युवक दुईजनाको सहादत भयो । तीनजनालाई गोली लाग्यो र घाइते हुनुहुन्छ। सात सयभन्दा धैरै कमरेडहरू गिरफ्तार हुनुभयो। जेल जानुभयो। मुद्दा झेलिरहनुभएको छ। यातना खप्नुभएको छ। दसौँ लाख धरौटी परेको छ। तर पार्टी नेता, कार्यकर्ता, क्रान्तिकारी जनता दृढताका साथ अभियानमा डट्नुभयो र आज पनि सबै कमरेडहरू एक अठोटका साथ काममा सक्रिय हुनुहुन्छ। यो कुराले मात्र क्रान्ति गरिटोपल्ने कुनै स्वार्थी, निम्छरा तत्वहरूले गर्न सक्ने कुरा थिएन । यो अथक, निःस्वार्थ क्रान्तिमा बढ्न सक्ने योद्धाहरूले गर्न सक्ने प्रश्न हो।

हामी जब जनतामा हेर्छौं दलाल संसद्वादी तत्वहरूका राष्ट्रघाती, जनघाती, भ्रष्टाचार, दलाली, सुदखोरी, तस्करी, कमिसनखोरी देखेर वाक्कदिक्क भएको र यसलाई समाप्त गर्ने विचार, सङ्घर्ष र नेतृत्वको खोजी गरिरहेको पाउँछौं । आजको मितिमा त्यो आशा हाम्रो पार्टीवरिपरि केन्द्रित हुँदै गएको पनि स्पष्ट छ । धैरै बुद्धिजीवी, व्यवसायी, कर्मचारी, उद्योगी, किसान, मजदुर, श्रमिक वर्गले पार्टीलाई महत्वपूर्ण सुझाव दिने गर्नुभएको छ, पार्टीबाट सहयोगको अपेक्षा राख्नुभएको छ र आमूल परिवर्तनको नेतृत्व होस् भन्ने सद्भाव व्यक्त गर्नुभएको छ यो हाम्रा लागि निकै सुखद र सकारात्मक चुनौती रहेको छ । हाम्रो निष्कर्ष छ क्रान्ति जनताको उज्ज्वल भविष्य र शान्तिका लागि हो। यसमा जनताको सहभागिता र सहयोग अनिवार्य नै हुन्छ। हामी त्यसलाई अरू विकास गर्न तत्पर भएका छौं।

हामीले शान्तिपछिको एउटा सङ्घर्ष भोग्यौं। यसमा पार्टीपङ्क्ति खरो उत्रिएको छ। हामी जे राम्रो गरेका छौं त्यसमा गर्व गर्छौं र त्यसको विकास गर्छौं। हाम्रो जहाँनेर अपुग भएको छ त्यसलाई पूरा गर्छौं । जुन विषयमा कमजोरी भएको छ त्यसमा गम्भीर छौं र त्यसलाई सच्याउन तयार छौं । अपुग र कमजोरीमा हामी धैरै चिन्तित छैनौं । किनकि हामी क्रान्तिकारी हौं । हामीले क्रान्ति गर्नु छ । सम्पूर्ण तागतका साथ क्रान्ति गरिछाड्नेछौं । क्रान्ति पूरा गर्न जति कठिनाइ भोग्नुपर्छ र मूल्य चुक्ता गर्नुपर्छ त्यसको तुलनामा कमजोरी सच्याउन कुनै समस्या पर्दैन । कमजोरी कुन अङ्गमा देखिएको छ त्यसलाई कसरी उपचार गर्नुपर्छ, उपचारका लागि के विधि अपनाउनुपर्छ त्यसमा कुनै समस्या हुन्न।

क्रान्तिको बोधबाट कमजोरीहरू सहज प्रकारले सच्याउन सक्छौं।

जब हामी क्रान्तिको पहाड पार गर्न तयार छौं भने हामी किन निरास हुने ! के कारणले निराश हुने ! यो कसले, कहाँ र कहिले भन्यो ? हुँदै नभएको विषालु हावा फैलाउने र दूषित प्रचार गर्ने !? यस्तो प्रचार गर्ने तत्वहरू कोबाट किन सञ्चालित छन्, क्रान्तिकारीहरूले बुझ्न र यस्ता तत्वलाई उखेलेर फाल्न जरुरी छ। पार्टीको क्रान्तिकारी विचार, सङ्घर्ष, त्याग र बलिदानबारे 'क' सम्म नलेख्ने तर हुँदैनभएका वाहियात प्रचार गर्ने तत्वहरूलाई कुनै पनि हालतमा क्रान्तिले छूट दिँदैन। आफ्नो खल्ती भर्न, जनताका वैरीहरूलाई खुसी पार्न र जनतामा निराशा छर्न यस्तो तुच्छ कार्य गर्नु भनेको बन्दुक भिरेको शत्रुभन्दा पनि खतरनाक प्रवृत्ति हो। क्रान्तिकारीहरू यस विषयमा सचेत हुन आवश्यक छ।

चुनाव खारेज अभियानमा भाग लिएर पार्टी आरनबाट निस्किएको फलामजस्तो खरो भएको छ । यसका केही घाउहरू झरेका छन्। पार्टीले प्रतिक्रियावादी संसदीय व्यवस्थाको सशक्त विकल्पको धार खडा गरेको छ। क्रान्ति, क्रान्तिकारी धारको वरिपरि देशभक्त, वामपन्थी, कम्युनिस्टहरूलाई गोलबन्द गर्ने आधार निर्माण गरेको छ । नेपाली जनताको मुक्ति वैज्ञानिक समाजवादबाहेक अन्यत्रबाट सम्भव छैन भन्ने सन्देश प्रवाह गरेको छ। हामी दुनियाँले सुन्ने गरी सबै दलाल, चाटुकार, सूचना बेचुवा लाक्षी, क्रान्तिबाट त्राहीमाम कायरहरूलाई ढोलको गर्जनमा भन्न चाहन्छौं- क्रान्ति, क्रान्ति, विश्व मानव मुक्ति र नेपाली जनताको मुक्ति, शान्ति र समृद्धिका लागि वैज्ञानिक समाजवादी क्रान्ति, एकीकृत जनक्रान्ति !

नियमित

# फासिवादका विरुद्ध

– खेम थपलिया



फासिवाद भन्नेवित्तिकै इटाली र बेनिटो मुसोलिनीको नाम आइहाल्छ । यसको साथमा हिटलरले जर्मनीमा र जनरल फ्रान्कोले स्पेनमा फासीवादी शासन चलाएको कुरा जोडिन्छ । फासीवाद मूलतः निम्न-पुँजीपतिवर्गमा आधारित व्यवस्था हो । यसले ठूला पुँजीपतिको निर्देशन, सहयोगमा निम्न-पुँजीपति, आवारा तथा एकहदसम्म सर्वहारावर्गको आंशिक तप्का पनि समेट्छ । पुँजीवाद गहिरो आर्थिक संकटबाट गुज्रिएको बेला सर्वहारावर्ग निकै नै चिन्तित हुन्छन् । त्यो चिन्तालाई आफ्ना स्वार्थमा आकर्षित गर्न फासीवादिहरूले 'समाजवाद' शब्दावलीको उपयोग गर्दछन् । मुसोलिनी र हिटलरले पनि यही गरेका थिए । माओवादीवादी केन्द्रको अहिलेको तथाकथित 'समाजवाद' लाई यही अर्थमा लिनु उपयुक्त हुन्छ । तानाशाही, फासिवाद र अधिनायकत्वका विषयका आधारभूत भिन्नता छन्, जसको चर्चा गर्ने उद्देश्य यहाँ राखिएको छैन ।

पुँजीवाद गहिरो आर्थिक संकटबाट गुज्रिरहेको बेला पुँजीपतिहरूले कम्युनिस्ट-सर्वहारावर्गको दबाबको कारण आफ्नो सत्ता बचाउन अन्तिम प्रयासस्वरूप निम्न-पुँजीपतिको हातमा सत्ता पुग्दा फासिवाद जन्मिन्छ । कम्युनिस्ट-सर्वहारावर्गको पार्टीले पुँजीवादविरुद्धको संघर्षलाई निष्कर्षमा पुऱ्याई कम्युनिस्ट-सर्वहारावर्गको राज्यसत्ता स्थापना गर्न नसक्दा पनि फासिवाद जन्मिन्छ । नेपालमा जनयुद्धले लक्षित उद्देश्य हासिल गर्नबाट चुकेको यतिबेला विभिन्न समस्या देखाउँदै फासिवाद हावी हुन खतरा बढ्दै गएको छ । नेपालमा संसद्वादको आबरणमा यो खतरा तीव्र बन्दै गएको छ । संसद्वाद भनेको दलाल पूँजीपति तथा सामन्तवर्गको अधिनायकत्व हो भने नयाँ जनवाद भनेको सर्वहारावर्ग-कम्युनिस्टको नेतृत्वमा मजदुर-किसानको मित्रतामा राष्ट्रिय पूँजीपतिवर्गसहत जनताको जनवादी अधिनायकत्व हो । आजको संसद्वादको चरित्र दलाल मात्र छैन कि फासिवादी पनि छ ।

केही दिनअघि नेपाल कम्युनिस्ट पार्टीले नेपाल बन्दको आयोजना गरेको थियो । यो बन्दका बारेमा विभिन्न कोणबाट टिप्पणीहरू आएका छन् । नेपाल बन्द तात्कालिक कार्यानीतिसँग सम्बन्धित विषय हो । सामान्यतया नेपाल बन्द अप्रिय नै हुन्छ । नेपाली समाजमा बन्दबारे एक किसिमको नकारात्मक धारणा बन्न थालेको पनि छ तर राजनीतिक जीवनमा कहिलेकाहीँ जनताले बुझिराखेको विषयभन्दा माथिबाट राजनीतिक कार्यक्रमहरू दिंदा त्यसले अंशतः केही समय नकारात्मक प्रभाव पनि दिन सक्छ । परिणामतः यसको दीर्घकालीन अर्थ भने सकारात्मक नै हुने गर्दछ । नेपालमा अनेकन् प्रकारका राजनीतिक आन्दोलन-संघर्षहरू भएका छन् । ती सबैमा कुनै न कुनै किसिमका नेपाल बन्दका कार्यक्रमहरू समाविष्ट छन् । आज देशमा जे जति परिवर्तन भएका छन्, त्यसमा नेपल बन्दको पनि भूमिका रहेको कुरा सुपष्ट नै छ ।

नेपाल कम्युनिस्ट पार्टीले सरकारद्वारा जनतामाथि थोपरेको कथित स्थानीय तहको निर्वाचनको सम्पूर्ण प्रक्रियालाई खारेज गरेको घोषणा गऱ्यो । पार्टी केन्द्रको योजना र निर्देशनमा देशैभर एकसाथ नेता, कार्यकर्ता र जनता चलायमान भए । जनताको साथ र समर्थनमा राज्यको वैकल्पिक धारा र शक्तिको गतिशील एवम् प्रभावकारी चलायमान भएको देखेपछि कांग्रेस-माओवादी केन्द्रको गठबन्धनमा बनेको सरकार नराम्ररी हल्लियो । ऊ सुरुदेखि नै नेपालमा संसदीयधारलाई टक्कर दिने अर्को धार नबनोस् भन्ने चाहन्थ्यो तर यो कुरा उसको मनोगत थियो र छ । देउवा-माके सरकार एकीकृत जनक्रान्ति पक्षधर शक्तिलाई आतंकवादी देख्न थाल्यो । जसलाई पनि बहिष्कारवादी, खारेजवादी र नेकपावादी देख्दै उसले गिरफ्तार, धरपकड खानतलासीलाई तीव्र दिँदै श्वेत आतंक मच्चायो । अहिले पनि पार्टीका केन्द्रीय सदस्यसहित थुप्रै नेता तथा कार्यकर्ता हिरासत-जेलमा हुनुहुन्छ । सरकारको यसप्रकारको रवैयाविरुद्ध जेल तथा हिरासतमा रहेका नेता-कार्यकर्ता रिहाइको माग गर्दै पार्टीकेन्द्रले प्रेस विज्ञप्तिमार्फत् आफ्नो भनाइ पनि सार्वजनिक गरिसकेको थियो तर सरकारको दमनात्मक-फासिवादी रवैयामा कुनै कमी आएन । आफ्ना नेता तथा कार्यकर्ता रिहाइका लागि सबै प्रयास निष्काम भएपछि पार्टीले वाध्यतावश नेपाल बन्दको आयोजना गर्नुपरेको थियो । देशभर जनताको समर्थन र व्यावसायी तथा सरोकार सबै पक्षको हार्दिकतापूर्ण ऐक्यबद्धताले पार्टीको राजनीतिक उचाइ थपेको छ भने सरकारको छबिलाई झन् धुमिल बनाएको छ । सरकारको फासिवादी चरित्रलाई झन् नाङ्गेझार पारेको छ

जहाँ दमन हुन्छ, त्यहाँ प्रतिरोध हुन्छ । नेपाल बन्द पनि एउटा जनप्रतिरोध हो । यो प्रतिरोधमा पार्टीका नेता तथा कार्यकर्ता खरो रूपमा उत्रिए । नेपालमा भीषण वर्गसंघर्षको नेतृत्व गर्दै आएका तथा रक्तरंजित इतिहासका निर्माताहरूलाई नेपाल बन्द सामान्य कार्यनीतिक विषय हो भन्ने कुरा जनताले पनि राम्ररी बुझेका छन् । अहिले देशमा अशान्ति छ, अराजकता छ, राष्ट्रिय स्वाधीनता चरम संकटमा छ । यस्तो बेला क्रान्तिकारी, देशभक्त, प्रगतिशील शक्तिहरू चुपचाप बस्न सक्दैनन् र बस्न मिल्दै पनि । नेपालको केन्द्रीय सत्ता दलाल चरित्रमा रूपान्तरित हुँदै गएको यतिबेला जनताले वैकल्पिक शक्ति र सत्ताको विकास गर्नु, प्राप्त उपलब्धिको रक्षा गर्नु र आमूल परिवर्तनको दिशामा प्रवाहित हुनु आजको आवश्यकता हो । दलाल सत्ताका सबै किसिमका जंजिरलाई चुँडाल्दै तथा जनताको व्यापक एकता कायम गर्दै अघि बढेर मात्र हामीले लक्षित उद्देश्य हासिल गर्न सक्तछौं । जनसम्बन्धको हार्दिकतापूर्ण सुदृढीकरणबाट मात्र एकीकृत जनक्रान्तिको सफलता हासिल गर्न सकिन्छ ।

अहिले दलाल सत्ता आफ्नो सत्ताको रक्षार्थ जे पनि गर्न तयार हुँदै गइरहेको छ । यो निकै घातक र दर्दनाक विषय हो । सत्तास्वार्थको लागि जे पनि गर्न तयार हुने दलाल मानसिकता भएका नेता र संसदीय राजनीतिक पार्टीहरूले देशलाई कहाँ पुऱ्याऊलान् ! विषय सामान्य छैन । तसर्थ, दलाल सरकारको गलत रवैयाका विरोध तथा पक्राउ गरिएका नेता तथा कार्यर्ताहरूलाई तत्काल रिहाई झुट्ठा मुद्दा खारेजी, अनावश्यक धरपकड र खानतलासी बन्द गर्नुको सट्टा उल्टै जनविरोधी-फासिवादी हर्कतलाई सरकारले यस्तै किसिमका दोहोऱ्याइरहने हो भने जनतासित भीषण सङ्घर्षको विकल्प हुँदैन ।

हामीले बदलिएको परिवेशअनुसार अर्थ-व्यवस्थाको समाजवादी चरित्र र त्यसको कार्यान्वयन, समाजवादी जनतन्त्रको विकास, आम जनता, सरकार र पार्टीबीचको सम्बन्ध, पार्टी जीवनमा अभ्यास गरिने जनवादी केन्द्रीयता, समाजवादी मूल्य र आदर्शको अनुपालन, समाजवादी समाजमा वर्गसंघर्षको सिद्धान्त र बाह्य भूमिका आदिमा विशेष गम्भीर बन्नैपर्दछ । वैज्ञानिक समाजवाद अर्थात् समाजवादका अगाडि कुनै पनि हालतमा पुँजीवाद श्रेष्ठ हुनै सक्तैन ।

आज विश्व बहु ुबमा ुबीकृत हुँदै गएको छ । भ्लादिमिर पुटिनको नेतृत्वमा रसियन विचारधारा शक्तिशाली हुँदैछ । उत्तर कोरियाले अमेरिकालाई ठाडो हाँक दिइरहेको छ । चिनियाँ राष्ट्रपति सी जिनपिङले विश्वविद्यालयहरू मार्क्सवादको अध्ययनकेन्द्र हुनुपर्ने कुरामा जोड दिइरहेका छन् । नेपालमा विश्वविद्यालयहरू बेरोजगार उत्पादन गर्ने 'प्रमाणपत्र वितरक' र प्रज्ञा प्रतिष्ठानहरू पैसा उठाउने-कमाउने 'घरमालिक' बनेको यतिबेला विचाराधात्मक विषयहरूका बारेमा कुराहरू उठ्न थालेका छन् । कुनै पनि देशका लागि वैचारिक अकर्मण्यता र संक्रमण सबैभन्दा ठूलो रोग हो । यो अकर्मण्यतालाई तोड्दै अहिले नयाँ र क्रान्तिकारी विचार-अन्तर्वस्तु बोकेको एकीकृत जनक्रान्ति गतिमा छ । नेपाल आज पनि अर्धसामन्ती, अर्धऔपनिवेशिक र नवऔपनिवेशिक अवस्थाबाट गुज्रिरहेको छ । सत्तामा दलाल चरित्र हावी हुँदै फासिवादी बन्दै गएको यतिबेला नेपालका क्रान्तिकारी शक्तिहरूको आम कार्यदिशा नयाँ जनवादी क्रान्ति नै हुन्छ । नेपाली समाजमा विकास भएका नयाँ विशेषता र विश्वस्तरमा विकास बर्चश्व जमाउँदै गएको निगम पुँजीवादविरुद्ध लडेर त्यसलाई पराजित नगरीकन क्रान्ति सम्पन्न हुने अवस्था देखापर्दैन । तसर्थ, नोपालमा नयाँ जनवादी क्रान्तिको कार्यभारलाई एकीकृत जनक्रान्तिमार्फत पूरा गर्न निरन्तर लागिपरौँ । फासिवादविरुद्ध जनप्रतिरोधको झन्डालाई अझै माथि उठाऔँ । फासिवादविरुद्धको लडाइँमा जनताको विजय अवश्यम्भावी छ ।

पूर्ण सरसफाइका निम्न सूचकहरू सबैले पालना गरी सफा, स्वच्छ र स्वस्थ रहन अनुरोध

क) घरायसी तह

- सबै घरपरिवारले सफा चर्पी प्रयोग गर्ने,
- चर्पीमा ब्रसलगायत सफा गर्ने सामग्रीहरूको व्यवस्था गरौं
- साबुन पानीसहितको हात धुने सुविधा भएको साथै जोखिमपूर्ण अवस्था हात धुने,
- खानेकुरा र पानी छोपेर राख्ने,
- खानेपानीको राम्रो सुविधा भई धारा, दुयुवेल वरिपरि सफा राख्ने
- खेर गएको पानीको उचित व्यवस्थापन गर्ने जस्तै सोकपिट वा करेसाबारीमा प्रयोग,
- घरायसी फोहोर मैलालाई निश्चित ठाउँमा फाल्ने,
- घरआँगन तथा बाटोघाटो सफा राख्ने,
- भाँडाकुँडा व्यवस्थित रुपले राख्ने च्याक वा मचानको प्रयोग,
- पशुपंक्षीलाई व्यवस्थित तरिकाले पाल्ने ।

ख) संस्थागत तह

- सबै संघसंस्थाहरूमा हात धुने सुविधासहितको प्रयोगकर्ता मित्रवत सफा चर्पीको व्यवस्था भएको,
- सबै विद्यालयहरूमा बाल, लैङ्गिक तथा फरक क्षमता भएकाहरूले प्रयोग गर्न अनुकूल हुने चर्पी तथा पानीका धारा र हात धुने सुविधाको व्यवस्था भएको साथै महिनावारी स्वास्थ्यलाई ख्याल गरी संरचनालाई व्यवस्था गरिएको,
- विद्यालय हाताभित्र फोहोर फाल्ने खाडलको व्यवस्था गरिएको

क्षेत्रीय अनुगमन तथा सुपरिवेक्षण कार्यालय, पोखरा

जनपक्षीय अखबार
रातो खबर साप्ताहिकको
निरन्तरता र प्रगतिको कामना गर्दछौं

सुवर्ण म्याच फ्याक्ट्री प्रा.लि.
भारतपुर महानगरपालिका-४, बारघरे

घर निर्माण खानेपानी, मेटल उद्योग, हाउजिङ, लगायत सम्पूर्ण निर्माण सम्बन्धी सुपथ मूल्यमा रड , सिमेन्ट, जस्तापाता टंकी उपलब्ध गराइन्छ, होम डेलिभरीको पनि व्यवस्था छ ।

C.G. Hardware And Suppliers

Dinesh Prasad Choudhary
Managing Director

Ratna Chowk Pokhara-7, Nepal
Ph: +977 61 465882, Fax : +977 61 466691
Mob : 9802828731, 9856028731, 9802813364
email : dineshchoudhary496@yahoo.com, cgpokhara@gmail.com

निर्देशक : **अनिल शर्मा**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाईं**, प्रवन्ध सम्पादक : **चिन्तामणि घिमिरे**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, ´ail: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ